## माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६
## (कक्षा ११ र १२)

भाग १ : अनिवार्य विषय
भाग २ : ऐच्छिक पहिलो समूह
भाग ३ : ऐच्छिक दोस्रो समूह
भाग ४ : ऐच्छिक तेस्रो समूह
भाग ५ : ऐच्छिक चौथो समूह
भाग ६ : संस्कृततर्फ

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६ कक्षा ११ र १२ भाग १

# माध्यमिक शिक्षा पाठ्यक्रम
# २०७६

## कक्षा ११ र १२

## भाग १
(अनिवार्य विषय)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६

(कक्षा ११ र १२)

भाग १

(अनिवार्य विषय)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७६

मुद्रण :

# प्राक्कथन

पाठ्यक्रम सिकाइ शिक्षणको मूल आधार हो । पाठ्यक्रममा समावेश हुने विषयवस्तु र तिनको अभ्यासको स्तरले शिक्षाको समग्र गुणस्तरलाई प्रभाव पार्दछ । पाठ्यक्रमले प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराई व्यक्तित्व विकास गर्न सक्नुपर्छ । यसै गरी राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, स्वाभिमानी, नैतिकवान्, जिम्मेवार, श्रमलाई सम्मान गर्ने, उद्यमशील र सिपयुक्त नागरिक विकासमा पाठ्यक्रमले सहयोग गर्नु पर्दछ । पाठ्यक्रम कार्यान्वयनपछि उत्पादित जनशक्तिले सामाजिकीकरणमा सहयोग गर्नुका साथै राष्ट्रिय एकता सुदृढ गर्दै राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण गर्न सक्नुपर्छ । यस पाठ्यक्रमबाट विद्यार्थीमा शान्ति, समानता तथा सामाजिक न्यायप्रति प्रतिबद्ध भई सहिष्णुता तथा सदाचार जस्ता आचरण विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट सूचना प्रविधिको प्रयोग, वैज्ञानिक अवधारणाको आत्मसात्, खोज तथा अनुसन्धान क्षमताको विकास र जीवनोपयोगी सिप प्राप्तिका माध्यमले प्रतिस्पर्धात्मक क्षमतायुक्त जनशक्ति तयार गर्नुका साथै आफ्नो भाषा, संस्कृति, कलाप्रतिको अनुरागसहितको पहिचानमा गौरवको अनुभूति गर्ने नागरिक विकासमा योगदान हुने अपेक्षा गरिएको छ । यी पक्षहरूलाई दृष्टिगत गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशअनुसार कक्षा ११ र १२ का लागि यो पाठ्यक्रम विकास गरिएको हो ।

पाठ्यक्रम विकास प्रक्रियामा सम्बद्ध विभिन्न सरोकारवालाहरूको सहभागिता जुटाइएको थियो । माध्यमिक तह (कक्षा ११-१२) का विभिन्न विषयका पाठ्यक्रम विकास प्रक्रियामा सहभागी शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा शिक्षासम्बद्ध सङ्घसंस्था र सरोकारावालाहरू, पाठ्यक्रम मस्यौदा कार्यदल तथा सम्बन्धित विषय समितिका सदस्यहरूलगायतका सुझावलाई समेटी यो पाठ्यक्रम  तयार गरिएको छ । पाठ्यक्रममा विद्यार्थीका सक्षमता, अपेक्षित सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र तथा क्रम, सिकाइ सहजीकरण प्रक्रिया र सिकाइ उपलब्धि आकलन प्रक्रिया समावेश गरिएको छ । यस कार्यमा पाठ्यक्रम मस्यौदा कार्यदल तथा सम्बन्धित विषय समितिका सदस्यहरूलगायत उल्लिखित सरोकारवालाहरू तथा पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित कर्मचारी योगदान रहेको छ । पाठ्यक्रम विकासमा आवश्यक नीतिगत मार्गदर्शन प्रदान गर्नुका साथै पाठ्यक्रमलाई अन्तिम रूप दिने कार्यमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कनबाट गठित विभिन्न प्राविधिक समितिहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रम विकासमा योगदान गर्ने सबैप्रति कृतज्ञता प्रकट गर्दछ ।

यो पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षको योगदान अपेक्षित छ । पाठ्यक्रम सुधारको कार्य निरन्तर चल्ने प्रक्रिया भएकाले भविष्यमा यसलाई अझ प्रभावकारी बनाउन शिक्षक, अभिभावक तथा समस्त बुद्धिजीवीहरूलगायत सम्बद्ध सबैबाट पाठ्यक्रम विकास केन्द्र रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

वि.सं. २०७६

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषय सूची


| क्र.स. | विषयवस्तु | पृष्ठ |
| --- | --- | --- |
| १. | माध्यमिक शिक्षा (कक्षा ११ र १२) पाठ्यक्रम २०७६ : परिचय तथा संरचना | १ |
| २. | नेपाली (कक्षा ११ र १२) | १९ |
| ३ | **English (Grade 11 and 12)** | ३६ |
| ४. | सामाजिक अध्ययन (कक्षा ११) | ६० |
| ५. | जीवनोपयोगी शिक्षा (कक्षा १२) | ७६ |

# खण्ड क

## माध्यमिक शिक्षा (कक्षा ११ र १२) पाठ्यक्रम २०७६ : परिचय तथा संरचना

### १. परिचय

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । परिवर्तित सन्दर्भ, अध्ययन अनुसन्धानका प्रतिवेदन, शिक्षक, प्राध्यापक, विद्यार्थी, बुद्धिजीविलगायत विभिन्न सरोकारवालाबाट प्राप्त सुझाव तथा प्रतिक्रिया, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घ सङ्गठनका सुझाव, सूचना तथा सञ्चारका माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउन प्राप्त सकारात्मक सल्लाहका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई नेपाल सरकारबाट स्वीकृत भएको छ । यस प्रारूपले निर्देश गरेको विद्यालय तहको पाठ्यक्रम संरचना एवम् पाठ्यक्रम विकासका मार्गदर्शक सिद्धान्त, ज्ञानको विस्तार तथा सिर्जना, सेवा क्षेत्रमा बढेको प्रतिस्पर्धा तथा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा आएको परिवर्तनले पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएका छन् । नेपालमा विद्यालय शिक्षालाई सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्ने माध्यमका रूपमा विकास गर्नुपर्ने दृष्टिकोण रहेको छ । विद्यालय शिक्षाको उल्लिखित सन्दर्भ तथा दृष्टिकोणमा आधारित भई कक्षा ११ र १२ का लागि पाठ्यक्रम संरचना तथा सो संरचनाअनुसारका विषयगत पाठ्यक्रमहरू विकास गरिएको छ ।

विद्यालयको शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडिएको छ । माध्यमिक शिक्षाले विद्यार्थीहरूमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने तथा स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमता विकास गराउनु पर्छ । यस तहको शिक्षाले अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, आफ्नो कर्तव्यप्रति सचेत हुने, स्वस्थ जीवन शैलीको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने नागरिक तयार गर्न सहयोग गर्नुपर्छ । विद्यार्थीहरूमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने सक्षमताको विकास यस तहको शिक्षाका अपेक्षा हुन् । त्यसै गरी राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु यस तहको शिक्षाको कार्यदिशा हो । यसका लागि कक्षा ११ र १२ को पाठ्यक्रम संरचनालाई पुनः संरचित गर्न राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट अन्तिम रूप दिई र नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई आधार मानी  माध्यमिक तह (कक्षा ११ र १२) का विभिन्न विषयका पाठ्यक्रम विकास गरिएको हो ।

यो पाठ्यक्रमको पहिलो खण्डमा माध्यमिक शिक्षा (कक्षा ११ र १२) पाठ्यक्रम २०७६ को परिचय तथा संरचना समावेश गरिएको छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत सक्षमता तथा पाठ्यक्रमको समग्र संरचना समावेश गरिएको छ । दोस्रो खण्डमा अनिवार्य विषयका पाठ्यक्रम समावेश गरिएको छ । यसले विषयगत सिकाइ उपलब्धि, विषयवस्तु, शिक्षण सिकाइका लागि आवश्यक विधि/प्रविधि तथा मूल्याङ्कनका पक्षलाई पनि मार्गनिर्देश गरेको छ । पाठ्यक्रमको क्रमागत स्तरीकरण गेर्न एवम् अघिल्ला र पछिल्ला तहका पाठ्यक्रमबिचको तहगत सङ्गति कायम गर्ने गरी यो पाठ्यक्रम विकास गरिएको छ ।

### २. शिक्षाका राष्ट्रिय उद्देश्य

विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएको, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ३. विद्यालय शिक्षाको तहगत संरचना र उमेर

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ । बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका देहायबमोजिम हुने छ :

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समूह** | **सिकाइ क्षमतास्तर** |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**द्रष्टव्य :**

१. माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक धारतर्फ व्यावहारिक अभ्याससहित एक वर्षको अवधि थप हुने छ ।

२. उल्लिखित तालिकामा निर्दिष्ट उमेर समूहले सम्बन्धित वर्षको उमेर पूरा भएको जनाउने छ ।

## ४. माध्यमिक शिक्षा (कक्षा ९-१२) का सक्षमता

माध्यमिक शिक्षाले विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास गर्ने छ । त्यसै गरी विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास यस तहको शिक्षाले गर्ने छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि यस तहको शिक्षाबाट अपेक्षित छन् । यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको  नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष रहेको छ । यसर्थ माध्यमिक तहका विद्यार्थीमा विकास गर्ने अपेक्षा गरिएका सक्षमता निम्नानुसार रहेका छन् :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान
५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास
६. व्यावहारिक गणितीय ज्ञान तथा सिपको बोध तथा प्रयोग र समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग
७. व्यावहारिक वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग
८. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग
९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन
१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
१२. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी
१३. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग
१५. उच्च तहमा अध्ययनको आधार विकास

## ५. माध्यमिक शिक्षा (कक्षा ११-१२) का सक्षमता

माध्यमिक शिक्षा (कक्षा ११-१२) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह

३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक एवम् सञ्चार सिपको प्रयोग
४. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास
५. जीवन, जीविका र वृत्ति एवम् सामाजिक सांस्कृतिक व्यवहारसँग तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को विकास
६. स्वस्थ्य जीवनशैलीको अवलम्बन एवम् वातावरण संरक्षण र दिगो विकासका लागि भूमिका निर्वाह
७. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
८. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वासको साथ प्रवेश
९. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग
१०. उच्च तहमा अध्ययनका लागि विषयगत/विधागत आधार विकास

## ६. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय शिक्षाको पाठ्यक्रम संरचना निम्नानुसार प्रस्तुत गरिएको छ :

### (क) प्रारम्भिक बालविकास तथा शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमको मुख्य लक्ष्य बालबालिकाको सर्वाङ्गीण विकास गर्नु र उनीहरूलाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्नु हुने छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम ४ वर्षका बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिने छ । यसमा उमेरअनुसारका शारीरिक, संवेगात्मक, सामाजिक, सांस्कृतिक, नैतिक, बौद्धिक तथा मानसिक, स्वास्थ्य, पोषण, सुरक्षा तथा वातावरण र सिर्जनात्मक सिपहरू विकास गराउनाका साथै मौखिक भाषिक सिप, पूर्वसङ्ख्या वा पूर्वगणितीय सिपलगायतका सिप विकास गराइन्छ । यस तहमा औपचारिकरूपमा पढाइ र लेखाइका सिप तथा क्रियाकलाप भने उमेरमा दृष्टिले समावेश गरिनु हुन्न ।

### (ख) आधारभूत शिक्षा

#### (अ) आधारभूत शिक्षा (कक्षा १-३)

आधारभूत शिक्षा (कक्षा १-३) मा एकीकृत स्वरूपको पाठ्यक्रम हुने छ । सिकाइका क्षेत्रहरू (Themes) पहिचान गरी विषय र सिकाइका क्षेत्रका आधारमा बहुविषयात्मक (Multidisciplinary) तथा अन्तरविषयगत (Interdisciplinary) ढाँचामा पाठ्यक्रम आधारित गरिने छ । यसअनुसार एकीकृत विषयक्षेत्रहरूले समेट्न नसकेका सिकाइ उपलब्धिहरूलाई समेट्ने गरी विषयगत सिकाइ क्षेत्रहरूसमेत रहन सक्ने छन् । भाषागत विषयसँग सम्बन्धित विषयक्षेत्रहरू पठनपाठन सम्बन्धित भाषामा नै गर्नुपर्ने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । यस्तो पाठ्यक्रम क्रियाकलापमुखी हुने छ । यसले विद्यार्थीहरूमा विषयवस्तुको ज्ञानका साथै विभिन्न किसिमका व्यवहारकुशल सिप विकासमा जोड दिने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । आधारभूत तह (कक्षा १-३) मा भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू रहे पनि एकीकृत सिद्धान्तअनुसार नेपाली, गणित, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र मातृभाषा/स्थानीय विषयक्षेत्रमा उल्लिखित सबै विषयलाई समावेश गरिएको छ ।

#### (आ) आधारभूत शिक्षा (कक्षा ४-५)

आधारभूत शिक्षा (कक्षा ४-५) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिने छ । दैनिक जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरू, स्वसचेतना सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरू, निर्णय गर्ने सिपहरू, सूचना प्रविधिसम्बन्धी सिपहरू र नागरिक चेतनासम्बन्धी सिपहरू एकीकृत गरी पाठ्यक्रम विकास गरिने छ ।

#### (इ) आधारभूत शिक्षा (कक्षा ६-८)

आधारभूत शिक्षा (कक्षा ६-८) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक, वातावरण, जनसङ्ख्या, मानवमूल्य, स्वास्थ्य शारीरिक तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू नै प्रदान गरिने छ । स्थानीय आवश्यकतामा आधारित अध्ययनअन्तर्गत विद्यार्थीहरूलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सिप, संस्कृत भाषा जस्ता विषयवस्तु समावेश गर्न सकिने छ । दैनिक जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरू, स्वसचेतना सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरू, निर्णय गर्ने सिपहरू, सूचना प्रविधिसम्बन्धी सिपहरू र नागरिक चेतनासम्बन्धी सिपहरू एकीकृत गरी पाठ्यक्रम विकास गरिने छ । कक्षा ६-८ मा संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षाका लागि भने विषय संरचनामा केही भिन्नता हुने छ ।

**(ख) माध्यमिक शिक्षा**

विद्यालय शिक्षामा कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुमलगायतका परम्परागत शिक्षा पद्धतिलाई पनि माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने छ । कक्षा ९ र १० को साधारण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययन गरी पाँचओटा अनिवार्य विषयहरू र दुईओटा ऐच्छिक विषयहरू रहने छन् । यसै गरी कक्षा ११ र १२ को साधारण शिक्षातर्फ अनिवार्य विषयका रूपमा अङ्ग्रेजी र नेपालीलाई दुवै कक्षामा, सामाजिक अध्ययनलाई कक्षा ११ मा र जीवनोपयोगी शिक्षालाई कक्षा १२ मा समावेश गरिएको छ भने कक्षा ११ र १२ प्रत्येकमा ऐच्छिक विषय तीन तीनओटा समावेश गरिएको छ । यसको अतिरिक्त कक्षा ११ र १२ मा अतिरिक्त ऐच्छिक विषयका रूपमा थप एक विषय समावेश गर्न सकिने छ । त्यसै गरी माध्यमिक शिक्षातर्फ कक्षा ११ र १२ मा सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा विषयअन्तर्गत न्यूनतम एक पाठ्यघण्टा बराबरको सूचना प्रविधिसम्बन्धी विषयवस्तु समावेश गरिने छ । माध्यमिक शिक्षा कक्षा ११-१२ को पाठ्यक्रम संरचना निम्नानुसार हुने छ :

**(अ) साधारण शिक्षा**

**माध्यमिक शिक्षा (कक्षा ९- १०)**

| **क्र. स.** | **विषय** | **पाठ्य घण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

**माध्यमिक शिक्षा (कक्षा ११ - १२)**

| क्र.सं. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २. | अङ्ग्रेजी | ४ | १२८ | ४ | १२८ |
| ३. | सामाजिक अध्ययन | ५ | १६० | – | – |
| ४ | जीवनोपयोगी शिक्षा | – | – | ५ | १६० |
| ५ | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ऐच्छिक तृतीय | ५ | १६० | ५ | १६० |
| जम्मा | | २७ | ८६४ | २७ | ८६४ |
| ८ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

*द्रष्टव्य :*

१. कक्षा ११ र १२ प्रत्येक कक्षामा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाअन्तर्गत एक एक पाठ्यघण्टाको सूचना प्रविधिको व्यावहारिक अभ्यास समावेश गरिएको छ ।

२. ऐच्छिक तीन विषयहरूको छनोट विद्यार्थीको रुचि, आवश्यकता, उपलब्ध शिक्षक तथा स्रोतसाधनका आधारमा स्थानीय सरकारको समन्वय र सहजीकरणमा विद्यालयले गर्ने छ । यसरी विषय छनोट गर्दा ऐच्छिक प्रथम, द्वितीय, तृतीय र चतुर्थ समूहमध्ये कुनै तीन समूहबाट एक एक विषय गरी जम्मा तीन विषय छनोट गर्नुपर्ने छ । विद्यार्थीले बाँकी रहेको ऐच्छिक समूहबाट कक्षा ११ र १२ प्रत्येकमा एक विषय थप ऐच्छिकका रूपमा अध्ययन गर्न सक्ने छन् । सामान्यतया ऐच्छिक विषय छनोट गर्दा कक्षा ११ मा अध्ययन गरेको विषय वा सो विषयसँग सम्बन्धित विषय कक्षा १२ मा लिनुपर्ने छ । कक्षा ११ मा अध्ययन गरेको विषय वा सो विषयसँग सम्बन्धित विषय कक्षा १२ मा नभएमा सोही समूहबाट सट्टामा तोकिएको विषय लिनुपर्ने छ । विषय छनोटका लागि पाठ्यक्रम विकास केन्द्रले आवश्यक मार्गदर्शन विकास गर्न सक्ने छ ।

३. ऐच्छिक विषयका रूपमा कक्षा ११ र १२ दुवैमा भौतिक, रसायनिक र जीव विज्ञान तीनै विषय अध्ययन गर्ने विद्यार्थीहरूले चाहेमा गणित विषय अतिरिक्त ऐच्छिक विषयका रूपमा अध्ययन गर्न सक्ने छन् ।

४. विदेशी विद्यार्थीहरूका लागि अनिवार्य नेपाली विषयको सट्टा वैकल्पिक अङ्ग्रेजी (Alternative English) विषय अध्ययन गर्न पाउने व्यवस्था गर्न सकिने छ ।

### (आ) परम्परागत शिक्षा : संस्कृत/वेद विद्याश्रम/गुरुकुल शिक्षा

#### माध्यमिक शिक्षा (कक्षा ९- १०)

| क्र.स. | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | वेद वा नीतिशास्त्र वा विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | संस्कृत भाषा तथा व्याकरण | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

***द्रष्टव्य :***

१. वेद भन्नाले शुक्लयजुर्वेद वा सामवेद वा ऋग्वेद वा अथर्ववेदमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ ।

२. ऐच्छिक प्रथम विषयमा कर्मकाण्ड, फलित ज्योतिष, योग शिक्षा, वास्तुशास्त्र, आयुर्वेद, प्राकृतिक चिकित्सा र ऐच्छिक गणित विषयमध्ये एक विषय छनोट गर्नुपर्ने छ ।

३. ऐच्छिक द्वितीय पत्रमा संस्कृतका शास्त्रीय विषयमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ । तर विज्ञान तथा प्रविधि विषयको सट्टामा वेद विषयको छनोट गरेमा ऐच्छिक द्वितीयमा वेद विषय छनोट गर्न पाइने छैन ।

#### माध्यमिक शिक्षा कक्षा ११-१२

| क्र. सं. | | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १ | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २ | अङ्ग्रेजी वा संस्कृत रचना | ४ | १२८ | ४ | १२८ |
| ३ | सामाजिक अध्ययन | ५ | १६० | – | – |
| ४ | जीवनोपयोगी शिक्षा | – | – | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | संस्कृत भाषा तथा व्याकरण | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ७ | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| **जम्मा** | | **२७** | **८६४** | **२७** | **८६४** |
| ८ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

द्रष्टव्य :

१. उल्लिखित विषय बाहेक कक्षा ११ र १२ प्रत्येक कक्षामा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाअन्तर्गत एक एक पाठ्यघण्टाको सूचना प्रविधिको व्यावहारिक अभ्यास समावेश गरिने छ ।

२. विद्यार्थीले कक्षा ११ र १२ प्रत्येक कक्षामा ५ पाठ्यघण्टाको थप ऐच्छिक विषय एक अध्ययन गर्न सक्ने छन् । थप ऐच्छिक विषयको विवरण यसै खण्डमा दिइएको छ ।

**(इ) परम्परागत शिक्षा: गोन्पा/मदर्सा**

**माध्यमिक शिक्षा (कक्षा ९- १०)**

| **क्र.स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

*द्रष्टव्य :*

१. सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

२. गोन्पा शिक्षाको ऐच्छिक विषयको रूपमा साधारण शिक्षाका ऐच्छिक विषयका अतिरिक्त भोट भाषा र बौद्ध शिक्षा पठनपाठन गर्न सकिने छ ।

३. मदर्सा शिक्षाको ऐच्छिक विषयका रूपमा साधारण शिक्षाको ऐच्छिक विषयका अतिरिक्त अरेबिक भाषा साहित्य र व्याकरण, उर्दू भाषा साहित्य र व्याकरण एवम् दिनियात विषय पठनपाठन गर्न सकिने छ ।

४. मदर्सातर्फ अङ्ग्रेजी विषयका सट्टामा अरबी साहित्य र विज्ञान तथा प्रविधि विषयका सट्टामा सिरत र इस्लामी विषय पठनपाठन गराउन सकिने छ ।

**माध्यमिक शिक्षा (कक्षा ११- १२)**

| क्र.स. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १ | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २ | अङ्ग्रेजी वा बौद्ध शिक्षा वा उर्दू व्याकरण र साहित्य | ४ | १२८ | ४ | १२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सामाजिक अध्ययन | ५ | १६० | – | – |
| ४ | जीवनोपयोगी शिक्षा | – | – | ५ | १६० |
| ५ | ऐच्छिक प्रथम (बौद्ध दर्शन वा कुरान) | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक द्वितीय (ज्योतिष, भैषज्य, शिल्प विद्या, बौद्ध कर्मकाण्ड, कम्प्युटर)वा (हदिस र असुले हदिस) | ५ | १६० | ५ | १६० |
| ७ | ऐच्छिक तृतीय (अङ्ग्रेजी, जापानिज, चाइनिज, पाली भाषा, भोट भाषा, संस्कृत रचना)/(मिरास विज्ञान) | ५ | १६० | ५ | १६० |
| जम्मा | | २७ | ८६४ | २७ | ८६४ |
| ८ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

द्रष्टव्य :

१. इच्छुक विद्यार्थीले कक्षा ११ र १२ प्रत्येक कक्षामा ५ पाठ्यघण्टाको थप ऐच्छिक विषय एक अध्ययन गर्न सक्ने छन् । थप ऐच्छिक विषय साधारण धारतर्फका ऐच्छिक समूहबाट छनोट गर्नुपर्ने छ ।

२. प्राविधिक तथा व्यावसायिक धारतर्फको पाठ्यक्रम संरचना तथा विषयहरूको विवरण पाठ्यक्रमको यस खण्डमा समावेश नगरी माध्यमिक शिक्षा (प्राविधिक तथा व्यावसायिक) पाठ्यक्रममा समावेश गरिने छ ।

## ६. कक्षा ११ र १२ मा पठनपाठन हुने अनिवार्य विषय, ऐच्छिक विषयको छनोटका लगि विषयगत समूह तथा विषयको कोड

**(क) अनिवार्य विषय**

| सि. नं. | कक्षा ११ का विषय र कोड | कक्षा १२ का विषय र कोड |
|---|---|---|
| १ | नेपाली [Nep. 001] | नेपाली [Nep. 002] |
| २ | English [Eng. 003] | English [Eng. 004] |
| ३ | सामाजिक अध्ययन [Soc. 005] | जीवनोपयोगी शिक्षा [Lif. 008] |

**(ख) ऐच्छिक विषय**

**(अ) ऐच्छिक पहिलो समूह**

| क्र.स. | कक्षा ११ का ऐच्छिक विषय र कोड | कक्षा १२ का ऐच्छिक विषय र कोड |
|---|---|---|
| १. | भौतिक विज्ञान (Physics) [Phy. 101] | भौतिक विज्ञान (Physics) [Phy. 102] |
| २. | लेखाविधि (Accounting) [Acc. 103] | लेखाविधि (Accounting) [Acc. 104] |
| ३. | ग्रामीण विकास (Rural Development) [Rd. 105] | ग्रामीण विकास (Rural Development) [Rd. 106] |
| ४ | विधिशास्त्र र कानुनी सिद्धान्त (Jurispudence and Legal Theories [Jlt. 107] | नेपालको न्याय र कानुन प्रणाली (Nepalese Legal system) [Nls. 110] |

| | | |
|---|---|---|
| ५. | स्वास्थ्य तथा शारीरिक शिक्षा (Health and Physical Education) [Hpe. 111] | स्वास्थ्य तथा शारीरिक शिक्षा (Health and Physical Education) [Hpe.112] |
| ६ | खेलकुद विज्ञान (Sports Science) [Sps. 113] | खेलकुद विज्ञान (Sports Science) [Sps.114] |
| ७ | बालविकास र सिकाइ (Child Development and Learning) [Cdl. 115] | शैक्षणिक पद्धति र मूल्याङ्कन (Instructional Pedagogy and Evaluation) [Ipe. 118] |
| ८ | मनोविज्ञान (Psychology) [Psy. 119] | मनोविज्ञान (Psychology) [Nls. 120] |
| ९ | इतिहास (History) [His. 121] | इतिहास (History) [His. 122] |
| १० | लैङ्गिक अध्ययन (Gender Studies) [Ges. 123] | लैङ्गिक अध्ययन (Gender Studies) [Ges. 124] |
| ११ | अतिथि सत्कार व्यवस्थापन (Hospitality Management) [Hom. 125] | अतिथि सत्कार व्यवस्थापन (Hospitality Management) [Hom. 126] |
| १२ | बाली विज्ञान (Agronomy) [Agr. 127] | बाली विज्ञान (Agronomy) [Agr. 128] |
| १३ | प्राकृतिक चिकित्सा (Naturopathy) [Nat. 129] | प्राकृतिक चिकित्सा (Naturopathy) [Nat. 130] |
| १४ | मानवमूल्य शिक्षा (Human Value Education) [Hve. 131] | मानवमूल्य शिक्षा (Human Value Education) [Hve. 132] |
| १५ | मूर्तिकला (Sculpture) [Scu. 133] | मूर्तिकला(Sculpture) [Scu. 134] |

**(आ) ऐच्छिक दोस्रो समूह**

| क्र.स. | **कक्षा ११ का ऐच्छिक विषय र कोड** | **कक्षा १२ का ऐच्छिक विषय र कोड** |
|---|---|---|
| १. | जीव विज्ञान (Biology) [bio. 201] | जीव विज्ञान (Biology) [bio. 202] |
| २. | शिक्षा र विकास (Education and Development) [Ed. 203] | शिक्षा र विकास (Education and Development) [Ed. 204] |
| ३ | भूगोल (Geography) [Geo. 205] | भूगोल (Geography) [Geo. 206] |
| ४. | कार्यविधि कानुन (Procedural Law ) [Prl. 207] | कानुनको मस्यौदा प्रक्रिया (Legal Drafting) [Led. 210] |
| ५ | समाजशास्त्र (Sociology ) [Soc. 211] | समाजशास्त्र (Sociology ) [Soc. 212] |
| ६ | आयुर्वेद (Ayurbed) [Ayu. 213] | आयुर्वेद (Ayurbed) [Au. 214] |
| ७ | व्यवसाय अध्ययन (Business Studies) [Bus. 215] | व्यवसाय अध्ययन (Business Studies) [Bus. 216] |
| ८ | भाषा विज्ञान (Linguistics) [Lin. 217] | भाषा विज्ञान (Linguistics) [Lin. 218] |
| ९ | राजनीति शास्त्र (Political Science) [Pol. 219] | राजनीति शास्त्र (Political Science) [Pol. 220] |
| १० | दर्शनशास्त्र (Philosophy) [Phi. 221] | दर्शनशास्त्र (Philosophy) [Phi. 222] |
| ११ | जनसङ्ख्या अध्ययन (Population Studies) [Pos. 223] | जनसङ्ख्या अध्ययन (Population Studies) [Pos. 224] |

| | | |
|---|---|---|
| १२ | बागवानी (Horticulture) (फलफूल, तरकारी, पुष्प र च्याउ खेती) [Hor. 225] | बागवानी (Horticulture) (फलफूल, तरकारी, पुष्प र च्याउ खेती) [Hor. 226] |
| १३ | खाद्य र पोषण (Food and Nutrition) [Fon. 227] | खाद्य र पोषण (Food and Nutrition) [Fon. 228] |
| १४ | नृत्य (Dance) [Dan. 229] | नृत्य (Dance) [Dan. 230] |
| १५ | कम्प्युटर विज्ञान (Computer Science) [Com. 231] | कम्प्युटर विज्ञान (Computer Science) [Com. 232] |

**(इ) ऐच्छिक तेस्रो समूह**

| क्र.स. | कक्षा ११ का ऐच्छिक विषय र कोड | कक्षा १२ का ऐच्छिक विषय र कोड |
|---|---|---|
| १. | रसायन विज्ञान (Chemistry) [Che. 301] | रसायन विज्ञान (Chemistry) [Che. 302] |
| २ | अर्थशास्त्र (Economics) [Eco. 303] | अर्थशास्त्र (Economics) [Eco. 304] |
| ३ | पर्यटन र पर्वतारोहण अध्ययन (Tourism and Mountaineering Studies) [Tms. 305] | पर्यटन र पर्वतारोहण अध्ययन (Tourism and Mountaineering Studies) [Tms. 306] |
| ४ | बजारशास्त्र (Marketing) [Mar. 307] | बजारशास्त्र (Marketing) [Mar.308] |
| ५ | बुद्यौली तथा स्याहार शिक्षा (Gerontology and Care Taking Education) [Gct. 309] | बुद्यौली तथा स्याहार शिक्षा (Gerentology and Care Taking Education) [Gct. 310] |
| ६ | योग (Yog) [yog. 311] | योग (Yog) [Yog. 312] |
| ७ | वाद्यवादन (Vocal/Instrumetal) [Voc. 313] | वाद्यवादन (Vocal/Instrumetal) [voc. 314] |
| ८ | सिलाइ तथा बुनाइ (Sewing and Knitting) [Sek. 315] | सिलाइ तथा बुनाइ (Sewing and Knitting) [Sek. 316] |
| ९ | संवैधानिक कानुन (Constitutional Law) [Col. 317] | देवानी तथा फौजदारी कानुन र न्याय (Civil and Criminal law and justice) [Ccl. 320] |
| १० | पाककला (Culinary Arts) [Cua. 321] | पाककला (Culinary Arts) [Cua. 322] |
| ११ | संस्कृति (Culture) [Cul. 323] | संस्कृति (Culture) [Cul. 324] |
| १२ | फेसन डिजाइनिङ (Fashion Designing ) [Fad. 325] | फेसन डिजाइनिङ (Fashion Designing ) [Fad. 326] |
| १३ | मूर्तिकला (Sculpture) [Scu. 327] | मूर्तिकला (Sculpture) [Scu. 328] |
| १४ | पशुपालन, पन्छीपालन र माछापालन (Animal Husbandry, Poultry and Fisheries) [Apf. 329] | पशुपालन, पंक्षीपालन र माछापालन (Animal Husbandry, Poultry and Fisheries) [Apf. 330] |
| १५ | नेपाली (Nepali) [Nep. 331] | नेपाली (Nepali) [Nep. 332] |
| १६ | अङ्ग्रेजी (English) [Eng. 333] | अङ्ग्रेजी (English) [Eng. 334] |
| १७ | मैथिली [Mai. 335] | मैथिली [Mai. 336] |

| | | |
|---|---|---|
| १८ | नेवारी [New 337] | नेवारी [New. 338] |
| १९ | हिन्दी [Hin. 339] | हिन्दी [Hin. 340] |
| २० | चिनियाँ [Chi. 341] | चिनियाँ [Chi. 342] |
| २१ | जर्मन [Jer. 343] | जर्मन [Jer. 344] |
| २२ | जापानिज [Jap. 345] | जापानिज [Jap 346] |
| २३ | कोरियन [Kor. 347] | कोरियन [Kor.348] |
| २४ | उर्दू [Urd. 349] | उर्दू [Urd. 352] |
| २५ | फ्रेन्च [Fre. 353] | फ्रेन्च [Urd. 354] |
| २६ | हिब्रू [Heb. 355] | हिब्रू [Heb. 356] |
| २७ | अरेबिक [Are. 357] | अरेबिक [Urd.358] |
| २८ | संस्कृत [San. 359] | संस्कृत [San. 360] |

**(ई) ऐच्छिक चौथो समूह**

| क्र. स. | कक्षा ११ का ऐच्छिक विषय र कोड | कक्षा १२ का ऐच्छिक विषय र कोड |
|---|---|---|
| १. | गणित (Mathematics) [Mat. 401] | गणित (Mathematics) [Mat. 402] |
| २. | प्रायोगिक गणित (Applied mathematics) [Ama. 403] | प्रायोगिक गणित (Applied Mathematics) [Ama. 404] |
| ३. | वाणिज्य गणित (Business Mathematics) [Bmt. 405] | वाणिज्य गणित (Business Mathematics) [Bmt. 406] |
| ४ | मानव अधिकार (Human rights) [Hur. 407] | मानव अधिकार (Human rights) [Hur. 408] |
| ५ | पुस्तकालय तथा सूचना विज्ञान (Library and Information Science) [Lis. 409] | पुस्तकालय तथा सूचना विज्ञान (Library and Information science) [Lis. 410] |
| ६ | गृह विज्ञान (Home Science) [Hos. 411] | गृह विज्ञान (Home Science) [Hos. 412] |
| ७ | वातावरण विज्ञान (Environment Science) [Ens. 413] | वातावरण विज्ञान (Environment Science) [Ens.414] |
| ८ | साधारण कानुन (General Law) [Gel. 415] | साधारण कानुन (General Law) [Gel.416] |
| ९ | वित्तशास्त्र (Finance) [Fin. 417] | वित्तशास्त्र (Finance) [Fin. 418] |
| १० | सहकारी व्यवस्थापन (Co-operative management) [Com. 419] | सहकारी व्यवस्थापन (Co-operative Management) [Urd. 420] |
| ११ | बौद्ध अध्ययन (Buddhist Studies) [Bud. 421] | बौद्ध अध्ययन (Buddhist Studies) [Bud.422] |
| १२ | प्रायोगिक कला (Applied Arts) [Apa. 423] | प्रायोगिक कला (Applied Arts) [Apa. 424] |
| १३ | गायन (Signing) [Sig. 425] | गायन (Signing) [Sig. 426] |
| १४ | चित्रकला (Painting) [Pai. 427] | चित्रकला (Painting) [Pai.428] |
| १५ | रेसम खेती र मौरीपालन (Sericulture and Bee Keeping) [Sbk. 429] | रेसम खेती र मौरीपालन (Sericulture and Bee Keeping) [Sbk. 430] |
| १६ | सौन्दर्यकला र केशकला (Beautician and Hair | सौन्दर्यकला र केशकला (Beautician and |

| | | |
|---|---|---|
| | Dressing) [Beh. 431] | Hair Dressing) [Beh.432] |
| १७ | औषधिजन्य जडीबुटी (Medicinal Herbals) [Meh. 433] | औषधिजन्य जडीबुटी (Medicinal Herbals ) [Meh.434] |
| १८ | प्लम्बिङ र वाइरिङ (Plumbing and Wiring) [Plw. 435] | प्लम्बिङ र वाइरिङ (Plumbing and Wiring) [Plw. 436] |
| १९ | आन्तरिक सजाबट (Internal Decoration) [Ind. 437] | आन्तरिक सजाबट (Internal Decoration) [Ind. 438] |
| २० | होटेल व्यवस्थापन (Hotel Management) [Hom. 439] | होटेल व्यवस्थापन (Hotel Management) [Hom. 440] |
| २१. | आमसञ्चार (Mass Communication) [Mac. 441] | आमसञ्चार (Mass Communication) [Mac.442] |

**माध्यमिक शिक्षा (कक्षा ११-१२) संस्कृततर्फका विषय**

**(क) अनिवार्य विषय**

| सि. नं. | कक्षा ११ का विषय र कोड | कक्षा १२ का विषय र कोड |
|---|---|---|
| १ | संस्कृत रचना [Saw. 011] | संस्कृत रचना [Saw. 012] |
| २ | संस्कृत भाषा तथा व्याकरण [Slg. 017] | संस्कृत भाषा तथा व्याकरण [Slg. 018] |

द्रष्टव्य : अनिवार्य विषयहरू नेपाली [Nep. 001 र Nep. 002], अङ्ग्रेजी [Eng. 003 र Eng. 004], सामाजिक अध्ययन [Soc. 005], जीवनोपयोगी शिक्षा [Lif. 008] साधारण धारमै उल्लेख भएअनुसार हुनेछन् । विद्यार्थीले अङ्ग्रेजी [Eng. 003 र Eng. 004] को सट्टा संस्कृत रचना [Saw. 011 र Saw. 012] विषय अध्ययन गर्न सक्नेछन् ।

**(ख) ऐच्छिक विषय**

**(अ) ऐच्छिक पहिलो समूह**

| क्र. स. | कक्षा ११ का ऐच्छिक विषय र कोड | कक्षा १२ का ऐच्छिक विषय र कोड |
|---|---|---|
| १ | शुक्लयजुर्वेद [Yab 501] | शुक्लयजुर्वेद [Yab. 502] |
| २ | सामवेद [Sab. 503] | सामवेद [Sab. 504] |
| ३ | ऋग्वेद [Rib. 505] | ऋग्वेद [Rib. 506] |
| ४ | अथर्ववेद [Aab. 507] | अथर्ववेद [Aab. 508] |
| ५ | व्याकरण [Gra. 509] | व्याकरण [Gra. 510] |
| ६ | सिद्धान्त ज्योतिष [Sij. 511] | सिद्धान्त ज्योतिष [Sij. 512] |
| ७ | न्याय [Nay. 513] | न्याय [Nay. 514] |
| ८ | दर्शनशास्त्र [Dar. 515] | दर्शनशास्त्र [Dar. 516] |
| ९ | संस्कृत साहित्य [Sas. 517] | संस्कृत साहित्य [Sas. 518] |
| १० | इतिहास पुराण [Itp. 519] | इतिहास पुराण [Itp. 520] |
| ११ | नीतिशास्त्र [Nis. 521] | नीतिशास्त्र [Nis. 522] |

**(आ) ऐच्छिक दोस्रो समूह**

| क्र. स. | कक्षा ११ का ऐच्छिक विषय र कोड | कक्षा १२ का ऐच्छिक विषय र कोड |
|---|---|---|
| १ | प्राकृतिक चिकित्सा (Naturopathy) [Nat. 129] | प्राकृतिक चिकित्सा (Naturopathy) [Nat. 130] |
| २ | आयुर्वेद (Ayurbed) [Ayu. 213] | आयुर्वेद (Ayurbed) [Au. 214] |
| ३ | योग (Yog) [yog. 311] | योग (Yog) [Yog. 312] |
| ४ | कर्मकाण्ड [Kar. 531] | कर्मकाण्ड [Kar. 532] |
| ५ | फलित ज्योतिष [Faj.533] | फलित ज्योतिष [Faj.534] |
| ६ | वास्तुशास्त्र [Ba 537] | वास्तुशास्त्र [Bas. 538] |

**(इ) थप ऐच्छिक विषय**

| क्र. स. | कक्षा ११ का ऐच्छिक विषय र कोड | कक्षा १२ का ऐच्छिक विषय र कोड |
|---|---|---|
| १ | मानवमूल्य शिक्षा (Human Value Education) [Hve. 131] | मानवमूल्य शिक्षा (Human Value Education) [Hve. 132] |
| २ | कम्प्युटर विज्ञान (Computer Science) [Com. 231] | कम्प्युटर विज्ञान (Computer Science) [Com. 232] |
| ३ | अर्थशास्त्र (Economics) [Eco. 303] | अर्थशास्त्र (Economics) [Eco. 304] |
| ४ | नेपाली (Nepali) [Nep. 331] | नेपाली (Nepali) [Nep. 332] |
| ५ | अङ्ग्रेजी (English) [Eng. 333] | अङ्ग्रेजी (English) [Eng. 334] |
| ६ | गणित (Mathematics) [Mat. 401] | गणित (Mathematics) [Mat. 402] |

**परम्परागत शिक्षा: गोन्पा/मदर्सा**

**(क) अनिवार्य विषय**

| सि. नं. | कक्षा ११ का विषय र कोड | कक्षा १२ का विषय र कोड |
|---|---|---|
| १ | बौद्ध शिक्षा [Bue. 021] | बौद्ध शिक्षा [Bue. 022] |
| २ | उर्दू व्याकरण र साहित्य [Ugl. 031] | उर्दू व्याकरण र साहित्य [Ugl. 032] |

द्रष्टव्य : अनिवार्य विषयहरू नेपाली [Nep. 001 र Nep. 002], अङ्ग्रेजी [Eng. 003 र Eng. 004], सामाजिक अध्ययन [Soc. 005], जीवनोपयोगी शिक्षा [Lif. 008] साधारण धारमै उल्लेख भएअनुसार हुनेछन् । विद्यार्थीले अङ्ग्रेजी [Eng. 003 र Eng. 004] को सट्टा गोन्पामा बौद्ध शिक्षा [Bue. 021 / Bue 022] र मदर्सामा उर्दू व्याकरण र साहित्य [Ugl. 031, Ugl 032] विषय अध्ययन गर्न सक्नेछन् ।

(ख) ऐच्छिक विषय

**(अ) ऐच्छिक पहिलो समूह**

| क्र. स. | **कक्षा ११ का ऐच्छिक विषय र कोड** | **कक्षा १२ का ऐच्छिक विषय र कोड** |
|---|---|---|
| १ | बौद्ध दर्शन [Bup.601] | बौद्ध दर्शन [ Bup.602] |
| २ | कुरान [Kur. 611] | कुरान [ Kur. 612] |

**(आ) ऐच्छिक दोस्रो समूह**

| क्र. स. | **कक्षा ११ का ऐच्छिक विषय र कोड** | **कक्षा १२ का ऐच्छिक विषय र कोड** |
|---|---|---|
| १ | कम्प्युटर विज्ञान [ Com.231] | कम्प्युटर [Com. 232] |
| २ | बौद्ध कर्मकाण्ड [Bkk. 527] | बौद्ध कर्मकाण्ड [Bkk. 628] |
| ३ | ज्योतिष [Jyo.621] | ज्योतिष [ Jyo.622] |
| ४ | भैषज्य [Bha. 623] | भैषज्य [ Kur. 624] |
| ५ | शिल्प विद्या [Sil. 625] | शिल्प विद्या [Sil. 626] |
| ६ | हदिस र असुले हदिस [Hah. 651] | हदिस र असुले हदिस [Hah. 652] |

**(इ) ऐच्छिक तेस्रो समूह**

| क्र. स. | **कक्षा ११ का ऐच्छिक विषय र कोड** | **कक्षा १२ का ऐच्छिक विषय र कोड** |
|---|---|---|
| १ | संस्कृत रचना [Saw. 011] | संस्कृत रचना [Saw. 012] |
| २ | अङ्ग्रेजी [Eng. 333] | अङ्ग्रेजी [ Eng. 334] |
| ३ | चिनियाँ भाषा [Chi. 341] | चिनियाँ भाषा [Chi. 342] |
| ४ | जापानिज भाषा [Jap. 345] | जापानिज भाषा [Jap 346] |
| ५ | पाली भाषा [Pal. 631] | पाली भाषा [Pal. 632] |
| ६ | भोट भाषा [Bht. 633] | भोट भाषा [Bht. 634] |
| ७ | मिरास विज्ञान [Mir. 661] | मिरास विज्ञान [Mir.662] |

## ७. पठनपाठनको समयावधि

१. प्रारम्भिक बालविकास तथा शिक्षाका लागि एक शैक्षिक सत्रमा वार्षिक जम्मा ५७६ घण्टा दैनिक सिप सिकाइ क्रियाकलाप र विषयगत सिप सिकाइ क्रियाकलाप सञ्चालन हुने छ । यसै गरी वार्षिक २५६ घण्टासम्म मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समय हुने छ । उक्त समयले बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई बुझाउँछ ।

२. विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने छ ।

३. कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने छ ।

४. कक्षा ४ देखि १० सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक १०२४ कार्यघण्टा र कक्षा ११ र १२ मा कम्तीमा २७ पाठ्यघण्टा अर्थात् ८६४ कार्यघण्टादेखि बढीमा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने छ ।

५. पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिने छ ।

६. सामान्यतया प्रतिदिन प्रतिविषय एक घण्टाको एक पिरियड हुने छ । तर तोकिएको पाठ्यघण्टा (Credit hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकताअनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ ।

## ८. सिकाइ सहजीकरण प्रक्रिया

१. माध्यमिक शिक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई शिक्षण सिकाइका विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइलाई केन्दबिन्दु मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्ग, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । साधारण, गुरुकुल, गोन्पा (गुम्बा) तथा विहार र मदर्सा शिक्षाका पठन पाठनमा आवश्यकताअनुसार कम्प्युटर प्रविधिको पनि उपयोग गर्न सकिने छ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

२. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना तथा प्रयोगात्मक कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

३. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

४. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

५. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।

६. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

## ९. विषय छनोट प्रक्रिया

१. साधारणतर्फ कक्षा ११ र १२ मा ऐच्छिक विषय छनोट गर्दा निर्धारित चार समूहमध्ये कुनै तीन समूहबाट एक एकओटा पर्ने गरी ऐच्छिक विषय छनोट गर्नुपर्ने छ । विद्यार्थीले अध्ययन गर्न चाहेमा ऐच्छिक विषय छनोट नगरेको समूहबाट एक थप ऐच्छिक विषय अध्ययन गर्न सक्ने छन् । विद्यार्थीको रुचि तथा भावी अध्ययनलाई समेत आधार मानी विद्यालयले थप ऐच्छिक विषयको पठनपाठनको व्यवस्था गर्नुपर्ने छ ।

२. कक्षा ११ र १२ दुवैमा भौतिक विज्ञान, रासायनिक विज्ञान र जीव विज्ञान तीनओटै विषय अध्ययन गर्ने विद्यार्थीहरूले चाहेमा थप ऐच्छिक विषयका रूपमा गणित विषय अध्ययन गर्न पाउने छन् ।

३. प्राविधिक तथा व्यावसायिक धार तथा परम्परागत धारतर्फ विषयको छनोटका आधार सम्बन्धित पाठ्यक्रम संरचना तथा ऐच्छिक विषयका सूचीमा समावेश गरिएअनुसार हुने छ ।

४. कक्षा ११ र १२ मा ऐच्छिक विषय छनोट गर्दा कक्षा ११ र १२ मा एकै विषय वा फरक फरक विषय पनि छनोट गर्न सकिने छ । तर कक्षा ११ र १२ मा फरक फरक विषय छनोट गर्दा पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विषय छनोट मार्गदर्शनलाई आधार मान्नुपर्ने छ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

(क) **निर्माणात्मक मूल्याङ्कन :** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो

मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनको नतिजालाई अभिलेखीकरण गरी विषयगत पाठ्यक्रममा तोकिएअनुसार निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा निर्णयात्मक मूल्याङ्कनमा समावेश गरिने छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :** माध्यमिक तहमा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कनको र अन्तिम/बाह्य परीक्षाको नतिजाका आधारमा तोकिएको भार समावेश गरी विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गरिने छ ।

(आ) आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त निम्नअनुसार तोकिएअनुसारको भारको मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कनमा समावेश गरिने छ । आन्तरिक मूल्याङ्कनका तरिकामा विषयगत विविधता हुन सक्ने भए पनि निम्नलिखित पक्षको मूल्याङ्कन सबै विषयमा समावेश हुने छ :

- **कक्षा सहभागिताको मूल्याङ्कन :** विद्यार्थीको नियमितता (उपस्थिति) र कक्षा क्रियाकलापमा सहभागिताको अभिलेखका आधारमा गरिएको मूल्याङ्कन ।
- **त्रैमासिक परीक्षाहरूका अङ्कका आधारमा प्राप्त अङ्क :** पहिलो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट पहिलो परीक्षा सञ्चालन गरिने छ भने पहिलो र दोस्रो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गरिने छ ।
- **प्रयोगात्मक तथा परियोजना कार्यको मूल्याङ्कन**
- **विषयगत पाठ्यक्रममा तोकिएअनुसारका अन्य आधारहरू**

(इ) कक्षा ११ र १२ मा विषयगत पाठ्यक्रममा तोकिएअनुसारको भारको बाह्य सार्वजनिक परीक्षा हुने छ । बाह्य परीक्षा सैद्धान्तिक वा सैद्धान्तिक र प्रयोगात्मक दुवै हुन सक्ने छ ।

(ई) प्रयोगात्मक, सैद्धान्तिक तथा अन्य पक्षको मूल्याङ्कनको भार, विधि तथा साधन सम्बन्धित विषयको पाठ्यक्रममा उल्लेख भएअनुसार हुनुपर्ने छ । सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि विशिष्टीकरण तालिका निर्माण गरिने छ ।

(उ) परीक्षामा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

द्रष्टव्य : विद्यार्थीको स्तर निर्धारण (Grading) को विधि तथा प्रक्रियाका लागि पाठ्यक्रम विकास केन्द्रले छुट्टै निर्देशिका तयार गर्नेछ ।

## ११. शिक्षाको माध्यम

माध्यमिक शिक्षा कक्षा ११ र १२ मा शिक्षणको माध्यम भाषा सामान्यतया नेपाली भाषा हुने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुने छ :

(क) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ ।

(ख) सामाजिक अध्ययन र मानवमूल्य शिक्षा वा चारित्रिक शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुहरूबाहेक अन्य विषयहरूमा पठनपाठनका लागि माध्यम भाषा अङ्ग्रेजी पनि प्रयोग गर्न सकिने छ ।

(ग) संस्कृत तथा परम्परागत धारतर्फका शास्त्रीय विषयहरूको पाठ्यसामग्री र पठनपाठनको माध्यम सम्बन्धित भाषा हुने छ । धार्मिक प्रकृतिका विषयहरूको पठनपाठन सम्बन्धित धार्मिक ग्रन्थ लेखिएको भाषामा नै गर्न सकिने छ ।

(घ) गैरनेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने व्यवस्था मिलाउन सकिने छ ।

## १२. पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन् :

(क) विद्यार्थीको उपलब्धि स्तर

(ख) शिक्षकको कार्य सम्पादन स्तर

(ग) पठन पाठनमा उपयोग गरिएको समय

(घ) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(ङ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया

(च) सरोकारवालाको विद्यालयप्रतिको धारणा

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ । यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने छ ।

## १३. पाठ्यक्रम कार्यान्वयन योजना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा मार्गदर्शनमा आधारित भई विकास गरिएका विद्यालय तहका पाठ्यक्रमहरू निम्नअनुसार परीक्षण तथा कार्यान्वयन हुनेछन् :

**पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन योजना**

| कक्षा | शैक्षिक वर्ष २०७६ | शैक्षिक वर्ष २०७७ | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० |
|---|---|---|---|---|---|
| १ | परीक्षण | कार्यान्वयन | | | |
| २ | | परीक्षण | कार्यान्वयन | | |
| ३ | | परीक्षण | कार्यान्वयन | | |
| ४ | | | परीक्षण | कार्यान्वयन | |
| ५ | | | | परीक्षण | कार्यान्वयन |
| ६ | | परीक्षण | कार्यान्वयन | | |
| ७ | | | परीक्षण | कार्यान्वयन | |
| ८ | | | | | कार्यान्वयन |
| ९ | | | परीक्षण | कार्यान्वयन | |
| १० | | | | | कार्यान्वयन |
| ११ | | कार्यान्वयन | | | |
| १२ | | | कार्यान्वयन | | |

## खण्ड ख

## माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ११ र १२), २०७६ : अनिवार्य विषयका पाठ्यक्रम

यस खण्डमा अनिवार्य विषयका विषयगत पाठ्यक्रम समावेश गरिएको छ । प्रत्येक विषयगत पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, प्रयोगात्मक तथा परियोजना कार्यअन्तर्गतका सम्भाव्य क्रियाकलापका उदाहरण, क्षेत्र वा एकाइगत कार्यघण्टा, विद्यार्थी मूल्याङ्कन विधि तथा प्रक्रिया उल्लेख गरिएको छ । यसमा कक्षा ११ र १२ का अनिवार्य विषयहरूका पाठ्यक्रम समावेश गरिएको छ ।

# नेपाली

**कक्षा : ११ र १२** **विषय सङ्केत :** Nep. 001 (कक्षा ११), Nep. 002 (कक्षा १२)

**पाठ्यघण्टा : ३** **वार्षिक कार्यघण्टा : ९६**

## १. परिचय

नेपाल बहुजातीय, बहुसांस्कृतिक एवम् बहुभाषिक मुलुक हो । बहुजातीय र बहुसांस्कृतिक विशेषता भएको राष्ट्रमा राष्ट्रिय एकता प्रवर्धन गर्न तथा सामाजिक, सांस्कृतिक सम्बन्ध र समन्वय कायम गर्न सम्पर्क भाषाको आवश्यकता पर्दछ । यसका लागि विद्यार्थीमा भाषिक सक्षमताको विकास हुनुपर्दछ । विद्यार्थीमा भाषिक सञ्चार एवम् बोध र अभिव्यक्तिगत सिपको विकास हुनु नै भाषिक सक्षमता हो । नेपाली भाषा विद्यालय तहको शिक्षणको प्रमुख माध्यम, सरकारी कामकाज र नेपाली समाजको साझा सम्पर्कको भाषा हो । पहिलो, दोस्रो एवम् विदेशी भाषाका रूपमा नेपाली भाषाको प्रयोग हुँदै आएको छ । यस दृष्टिले नेपाली भाषाको प्रयोगमा व्यापकता रहेको छ । नेपालमा नेपाली भाषा सामाजिकीकरण, अन्तरभाषिक व्यवहार, सञ्चार, प्रशासन, प्रविधि र मौखिक तथा लिखित व्यवहारको प्रमुख माध्यमका रूपमा रहिआएको छ । नेपाली समाजको बहुलतालाई दृष्टिगत गर्दै सबै प्रकारका ज्ञान र सिप प्राप्त गर्न तथा विभिन्न माध्यमबाट अन्तर्राष्ट्रिय स्तरका ज्ञानसमेत नेपाली भाषामा सिक्न सक्ने बनाउन विद्यालय तहमा नेपाली भाषाको शिक्षण अपरिहार्य छ । त्यसैले विद्यालय तहमा नेपाली भाषालाई अनिवार्य विषयका रूपमा शिक्षण गर्नुपरेको हो । नेपाली भाषा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा नेपाली भाषासम्बद्ध भाषिक सिप एवम् व्यावहारिक र सिर्जनात्मक क्षमताको विकास गराउनु हो ।

प्रस्तुत पाठ्यक्रमको उद्देश्य विद्यार्थीमा भाषिक सक्षमता अभिवृद्धि गराउनु हो । (कक्षा ९-१०) पूरा गरेका विद्यार्थीको स्तरलाई ध्यान दिई विद्यालय तहको समाप्तिपछि अन्य क्षेत्रमा लाग्ने तथा उच्च शिक्षामा प्रवेश गर्नेहरूको आधारभूमिका रूपमा नेपाली भाषामा सक्षम बनाउने अभिप्रायले यो पाठ्यक्रम तयार पारिएको हो । माध्यमिक तह (कक्षा ११-१२) पूरा गर्दा विद्यार्थीहरूले नेपाली विषयमा प्राप्त गर्ने तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिलाई यस पाठ्यक्रममा समावेश गरिएको छ । पाठ्यक्रममा विद्यार्थीमा बोध एवम् अभिव्यक्तिगत क्षमताको विकासका लागि उपयुक्त विधा र क्षेत्र निर्देश गरिएको छ । यसमा प्रयोजनपरक भाषिक सिप विकास र कार्यमूलक व्याकरणमा विशेष ध्यान दिइएको छ । तदनुरूपका सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन विधि पनि समेटिएका छन् । यस पाठ्यक्रममा निम्नलिखित पक्षहरूलाई प्राथमिकतामा राखिएको छ :

- समयसापेक्ष जीवनोपयोगी एवम् सक्षमतामा आधारित भाषिक सिप
- पाठगत विविधताको प्रस्तुति र कार्यमूलक व्याकरण
- स्तरअनुरूपका पाठ्यवस्तुको छनोट एवम् स्तरण
- विद्यार्थीकेन्द्रित सिकाइमा आधारित सहजीकरण प्रक्रिया
- प्रयोजनपरक भाषिक सिप र सिकाइमा जोड
- खोजपरक, परियोजनामूलक तथा सिर्जनात्मक भाषिक अभ्यासमा जोड
- भाषिक सामर्थ्य र सम्पादनका रूपमा भाषिक सिपको विकासमा जोड
- व्याकरणलाई भाषा प्रयोगको आधारका रूपमा सैद्धान्तिकभन्दा रचनात्मक बनाउने प्रयत्न
- स्वतन्त्र पठन र रचना कौशलको विकासमा जोड
- सिपगत सक्षमता परीक्षणमा आधारित भाषिक मूल्याङ्कन

**२. तहगत सक्षमता**

यस तहका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित सक्षमता प्राप्त गर्न समर्थ हुने छन् :

१. विविध विषयक्षेत्रका मौखिक सामग्रीको बोध र अभिव्यक्ति
२. विविध विषयक्षेत्रका लिखित सामग्रीको सुरुचिपूर्ण पठन र बोध
३. पाठगत सन्दर्भको अनुमान, घटना, चरित्र र परिवेशको पहिचान, बोध र प्रस्तुति
४. देखेसुनेका, पढेका र अनुभव गरेका विषयवस्तुको मौखिक र लिखित अभिव्यक्ति
५. सामाजिक, सांस्कृतिक, राष्ट्रिय एवम् मानवीय मूल्यअनुकूलको लेख्य अभिव्यक्ति
६. दैनिक व्यावहारिक लेखनमा दक्षता प्रदर्शन
७. सिर्जनात्मक र प्रतिक्रियापरक अभिव्यक्ति कौशल
८. अन्तरसांस्कृतिक एवम् भाषिक मूल्यप्रतिको सचेतता र सम्मानजनक भाषिक व्यवहार
९. तार्किक, अन्तरक्रियात्मक एवम् समस्या समाधानमूलक अभिव्यक्ति कौशल
१०. खोज तथा परियोजनामा आधारित लेख र रचनाको सिर्जना
११. समालोचनात्मक चिन्तनसहितको मौखिक र लिखित अभिव्यक्ति

**३.कक्षागत सिकाइ उपलब्धि**

| | **कक्षा : एघार** | **कक्षा : बाह्र** |
|---|---|---|
| **१. सुनाइ र बोलाइ सिप** | १. उच्चरित हुने वर्णहरूको पहिचान गरी शुद्ध उच्चारण गर्न<br>२. विविध पाठ, सञ्चार माध्यम र अन्य सामग्री सुनेर तार्किक प्रतिक्रिया व्यक्त गर्न<br>३. दिइएका विषय वा शीर्षकमा समूहगत छलफल एवम् प्रस्तुतीकरण गर्न<br>४. सन्दर्भअनुसार गति, यति र लय मिलाई मौखिक अभिव्यक्ति गर्न<br>५. देखेसुनेका, पढेका तथा अनुभव गरेका विषयलाई सिलसिला मिलाई प्रस्तुत गर्न<br>६. सामाजिक, सांस्कृतिक सन्दर्भ, वक्ताको अवस्था तथा संवेगका आधारमा प्रतिक्रिया दिन | १. शब्द सुनी अक्षरीकरणसहित शुद्ध उच्चारण गर्न<br>२. विविध पाठ, सञ्चार माध्यम र अन्य क्षेत्रका अभिव्यक्ति सुनेर विश्लेषणात्मक प्रतिक्रिया व्यक्त गर्न<br>३. दिइएका विषय वा शीर्षकमा समूहगत छलफल एवम् प्रस्तुतीकरण गर्न<br>४. सन्दर्भअनुसार गति, यति र लय मिलाई मौखिक प्रतिक्रिया व्यक्त गर्न<br>५. देखेसुनेका तथा अनुभव गरेका विषयलाई सिलसिला मिलाई प्रस्तुत गर्न<br>६. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा शिष्टतापूर्वक प्रतिक्रिया व्यक्त गर्न<br>७. औपचारिक कार्यक्रममा सहभागी भई आफ्ना विचार प्रभावकारी रूपमा व्यक्त गर्न |
| **२. पढाइ सिप** | १. लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्धसँग पढ्न | १. लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्धसँग पढ्न |

| | | |
|---|---|---|
| | २. साहित्यिक तथा प्रयोजनपरक पाठहरू पढी पारिभाषिक/प्राविधिक शब्दलाई वाक्यमा प्रयोग गर्न<br>३. पाठमा प्रयोग भएका शब्दको हिज्जे र अर्थबोधका लागि शब्दकोशको प्रयोग गर्न<br>४. लिखित सामग्रीको सस्वर तथा मौन पठनद्वारा पढाइको गति विकास गर्न<br>५. लिखित सामग्रीका आधारमा सन्दर्भको अनुमान, घटना, चरित्र र परिवेशको बोध गरी पढ्न<br>६. विभिन्न पाठ तथा तिनका विशिष्ट अंशको व्याख्या एवम् समीक्षा गर्न सक्ने गरी पढ्न<br>७. विविध क्षेत्रसँग सम्बन्धित पाठहरू पढी बोध गर्न<br>८. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रतिक्रिया व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न | २. साहित्यिक तथा प्रयोजनपरक पाठहरू पढी पारिभाषिक/प्राविधिक शब्दको सन्दर्भअनुसार वाक्यमा प्रयोग गर्न<br>३. पाठमा प्रयोग भएका शब्दको हिज्जे, उच्चारण, स्रोत, शब्दवर्ग, बनोट र अर्थ पहिचानका लागि शब्दकोशको प्रयोग गर्न<br>४. लिखित सामग्रीको द्रुतपठन गर्न<br>५. लिखित सामग्री भाव विश्लेषण गर्न सक्ने गरी पढ्न<br>६. विभिन्न पाठ तथा तिनका विशिष्ट अंशको व्याख्या एवम् समीक्षा गर्न सक्ने गरी पढ्न<br>७. विविध क्षेत्रसँग सम्बन्धित पाठहरू पढी बोध गर्न<br>८. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, विश्लेषण, गरी प्रतिक्रिया व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न |
| **३. लेखाइ सिप** | १. नेपाली वर्णको पहिचान र वर्गीकरण गरी लेख्न<br>२. वर्णविन्यास र लेख्य चिह्नहरूको शुद्ध प्रयोग गर्न<br>३. मौखिक एवम् लिखित अभिव्यक्तिको बुँदाटिपोट गर्न र सारांश लेख्न<br>४. व्यावहारिक लेखन (घरायसी पत्र, निमन्त्रणा, बधाई, शुभकामना, सम्मानपत्र, सूचना, विज्ञापन, श्रद्धाञ्जली, समवेदना) गर्न<br>५. देखेसुनेका, पढेका र अनुभव गरेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न<br>६. कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न<br>७. पाठको प्रकृतिअनुसार विषयक्षेत्र, संरचना (आदि, मध्य र अन्त्यको शृङ्खला), घटना, चरित्र, परिवेश, भाव, लयबोध गरी लेख्न<br>८. साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशको व्याख्या गर्न<br>९. लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न<br>१०. विभिन्न विधामा आधारित भई निर्देशित र स्वतन्त्र सिर्जना गर्न<br>११. कोशीय प्रविष्टिअनुसार शब्दक्रम मिलाई लेख्न | १. शब्दमा रहेका अक्षर संरचना छुट्याई लेख्न<br>२. वर्णविन्यास र लेख्य चिह्नहरूको शुद्ध प्रयोग गर्न<br>३. विज्ञान, प्रविधि, सामाजिक शास्त्र, वाणिज्य कानुन आदि क्षेत्रसँग सम्बन्धित प्रयोजनपरक लेखन गर्न<br>४. व्यावहारिक लेखन गर्न (व्यावसायिक पत्र, भरपाई, तमसुक, करारनामा, मन्जुरीनामा, मुचुल्का, प्रशासनिक टिप्पणी तथा बैठक निर्णय, विज्ञप्ति, बोलपत्र र सम्पादकलाई चिठी लेखन)<br>५. सामाजिक, सांस्कृतिक, राष्ट्रिय एवम् मानवीय मूल्यमा आधारित भई लिखित अभिव्यक्ति दिन<br>६. देखेसुनेका, पढेका र अनुभव गरेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न<br>७. पाठको प्रकृतिअनुसार सन्दर्भको अनुमान, संरचना पहिचान, घटना वर्णन, भावबोध, तार्किक विश्लेषण गरी लेख्न<br>८. साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशको व्याख्या गर्न<br>९. लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न<br>१०. विभिन्न विधामा आधारित भई निर्देशित र |

| | | |
|---|---|---|
| | | स्वतन्त्र सिर्जना गर्न<br>११. विद्युतीय सञ्चार माध्यममा प्रकाशित सामग्री तथा पुस्तक र लेख रचना पढी प्रतिबिम्बात्मक लेखन गर्न<br>१२. कोशीय प्रविष्टिअनुसार शब्दक्रम मिलाई लेख्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

**(क) कक्षा : ११**

| क्र सं | विधा/ पाठ | क्षेत्र | बोध | अभिव्यक्ति | भाषातत्त्व | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. | कविता<br>(पद्य) | देशभक्ति | •कविताको संरचना<br>•विषयको क्रम, भाषा, लय आदिको बोध<br>•देशभक्ति, संस्कृति र भाषासम्बन्धी पद्यांशको बोध | •कविताको लयबद्ध वाचन<br>•कवितालाई गद्यमा रूपान्तरण<br>•कविता सिर्जना<br>(अनुकरणात्मक लेखन) | (अ) नेपाली कथ्य र लेख्य वर्ण (स्वर र व्यञ्जन) को पहिचान<br>(आ) उच्चार्य व्यञ्जन वर्णको पहिचान र प्रयोग (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व) | ७ |
| २. | कथा | सामाजिक | •कथाको संरचना (विषय, अनुच्छेद योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | •कथाका घटनाहरूको टिपोट<br>•कथाका पात्रहरूको चरित्र वर्णन<br>•लघुकथा लेखन<br>(अनुकरणात्मक) | (अ) मूल र व्युत्पन्न शब्दको पहिचान<br>(आ) शब्द स्रोत : तत्सम, तद्भव र आगन्तुक शब्द<br>(इ) शब्दकोशीय प्रयोग | ८ |
| ३. | निबन्ध | सांस्कृतिक ( आत्मपरक) | •निबन्धको संरचना (अनुच्छेद योजना, विषय प्रस्तुतिको क्रम, भाषाशैली आदि) को बोध<br>•निबन्धमा प्रयुक्त कठिन शब्दको अर्थबोध | •निबन्धमा वर्णित मुख्य विषयको बुँदाटिपोट र सार लेखन<br>•स्थानीय समाजमा प्रचलित चाडपर्वको वर्णन गरी निबन्ध लेखन<br>•तार्किक, अन्तरक्रियात्मक एवम् समस्या | पदवर्ग (नाम, सर्वनाम, विशेषण र क्रियापद) को प्रयोगात्मक पहिचान | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समाधानमूलक लेखन | | |
| ४. | जीवनी | (राष्ट्रिय) | -जीवनीको संरचना (जीवन विषयक घटना शृङ्खला, अनुच्छेद योजना, भाषा आदि) को बोध | •जीवनीमा प्रस्तुत घटनाक्रमको वर्णन<br>•आफ्नो समाजमा प्रतिष्ठित कुनै व्यक्तिको जीवनी लेखन<br>•जीवनीबाट प्राप्त सन्देश/शिक्षाको अभिव्यक्ति | (अ) पदवर्ग (नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात) को प्रयोगात्मक पहिचान<br>(आ) शब्द रूपायन | ७ |
| ५. | पत्र लेखन | घरायसी | •पत्र लेखनको संरचना (विषय, प्रस्तुतिक्रम,<br>ढाँचा, भाषाशैली आदि) को बोध<br>- | •पत्र लेखनमा प्रस्तुत विषयवस्तु र ढाँचाको टिपोट<br>•विषयको प्रस्तुति<br>•निर्दिष्ट विषयमा पत्र लेखन<br>•निमन्त्रणा, बधाई, शुभकामना, अभिनन्दनपत्र, सम्मानपत्र, सूचना, विज्ञापन, श्रद्धाञ्जली, समवेदनाको ढाँचा र शैलीको अध्ययन तथा लेखन अभ्यास | लेख्य चिह्न र तिनको प्रयोग (पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठक, विकल्पबोधक/तिर्यक्, प्रश्नवाचक, उद्धरण, विस्मयसूचक/उद्गार, निर्देशक, योजक, छुट चिह्न/कागपादे चिह्न, | ८ |
| ६. | कथा | मनोवैज्ञानिक | •कथाको संरचना (विषय, अनुच्छेद योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | •कथाका घटनाहरूको टिपोट<br>•कथाका पात्रहरूको चरित्र वर्णन<br>•पढेका नयाँ कथाका बारेमा प्रस्तुति<br>•लघुकथा लेखन<br>(अनुकरणात्मक) | (अ) वर्णविन्यासको पहिचान र प्रयोग<br>(आ) भाषिक प्रयोगमा पदयोग र पदवियोगको पहिचान र प्रयोग | ८ |
| ७. | निबन्ध | प्राकृतिक (वस्तुपरक) | •निबन्धको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) | •निबन्धमा वर्णित मुख्य विषयको बुँदाटिपोट, सारांश<br>•प्रकृति तथा वातावरणको वर्णन | उपसर्गद्वारा शब्दनिर्माण<br>(अ) अ, अन, कु, बि, बे, बद, गैर, ना<br>(आ) अति, अधि, अनु, | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | को बोध<br>•निबन्धको शैली र ढाँचाको अध्ययन | गरी निबन्ध लेखन<br>•खोज तथा परियोजनामा आधारित भई समालोचनात्मक चिन्तनसहितको लेखन | अप, अभि, अव, आ, उत्, उप, दुर्, दुस्, नि, निर्, निस्, परा, परि, प्र, प्रति, वि, सम्, सु | |
| ८. | लघुनाटक | सामाजि/ मनोवैज्ञानिक | •नाटकको संरचना (विषय, प्रस्तुतिक्रम, हाउभाउ, मञ्चीयता, चरित्र, संवाद, भाषाशैली आदि) को बोध | •नाटकका प्रमुख पात्रको चरित्र वर्णन<br>•नाटकका घटना तथा परिवेशको वर्णन<br>•नाटकको संवादात्मक अभिनय (विषयको प्रस्तुति, हाउभाउ)<br>•संवाद लेखन<br>•प्रतिवेदन लेखन (कार्यक्रम, भ्रमण, घटना) | प्रत्ययद्वारा शब्द निर्माण:<br>(क) अक्कड, अत, अन्त, आइ, आइँ/याइँ, आउ, आली,<br>आलु, आवट, आहा/याहा, इया,<br>(ख) इयार, इलो, ई, उवा, ए, एली, ओ, ओट, औली/यौली, पन/पना, ली, ले | ११ |
| ९ | रिपोर्ताजमूलक रचना | स्वास्थ्य, योग तथा चिकित्सा | •रिपोर्ताजको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) को बोध<br>•रिपोर्ताजमा प्रयुक्त कठिन शब्दको अर्थबोध<br>•रिपोर्ताजको ढाँचा र शैलीको अध्ययन | •रिपोर्ताजमा वर्णित मुख्य विषयको बुँदाटिपोट, टिप्पणी लेखन<br>•स्वास्थ्य, योग र चिकित्साको वर्णन गरी रिपोर्ताज लेखन<br>•रिपोर्ताजमा प्रयुक्त कठिन शब्दबाट वाक्य रचना<br>•प्रतिवेदन लेखन ढाँचा र शैलीको अध्ययन र लेखन अभ्यास | प्रत्ययद्वारा शब्द निर्माण:<br>अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान्,<br>वान्, य | ८ |
| १०. | संवादात्मक रचना | कृषि, वन तथा वातावरण | •संवादको संरचना (विषय, प्रस्तुतिक्रम,<br>हाउभाउ, तर्क, संवाद, भाषाशैली | •संवादमा प्रस्तुत विषयवस्तुको टिपोट<br>•विषयको प्रस्तुति, हाउभाउ | समास प्रक्रियाद्वारा शब्द निर्माण (अव्ययीभाव, कर्मधारय, तत्पुरुष, द्वन्द्व, | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आदि) को बोध | •निर्दिष्ट विषयमा संवाद लेखन तथा मौखिक अभिव्यक्ति र अभिनय<br>•उद्घोषण, समाचार वाचन, प्रवचन आदिको अभ्यास | द्विगु, बहुव्रीहि<br>(समास र विग्रहसमेत) | |
| ११. | दैनिकी रचना | पर्यटन | •निर्दिष्ट पाठको बोध<br>(अनुमान, संरचना पहिचान आदि)<br>•निर्दिष्ट पाठमा प्रयुक्त प्राविधिक तथा<br>पारिभाषिक<br>शब्दको अर्थबोध | •निर्दिष्ट पाठसँग सम्बन्धित रचना<br>•बुँदाटिपोट र सारांश लेखन<br>•दैनिकी लेखन<br>•अनुकरणात्मक लेखन | (अ) द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण<br>(पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व)<br>(आ) सन्धि र सन्धि भएका शब्दको पहिचान | ८ |
| १२. | वक्तृतात्मक रचना | जलस्रोत र ऊर्जा | •वक्तृताको संरचना (विषय, प्रस्तुतिक्रम,<br>हाउभाउ, तर्क, संवाद, भाषाशैली आदि) को बोध | •वक्तृतामा प्रस्तुत विषयवस्तुको टिपोट<br>•हाउभाउसहित विषयको प्रस्तुति<br>•निर्दिष्ट विषयमा वक्तृता लेखन तथा मौखिक अभिव्यक्ति र अभिनय<br>•उद्घोषण, समाचार वाचन, प्रवचन आदिको अभ्यास<br>•वक्तृता/वादविवाद आयोजना<br>•विभिन्न ढाँचामा प्रतिवेदन लेखन | (अ) उद्देश्य र उद्देश्य विस्तार तथा विधेय र विधेय विस्तार, पहिचान र प्रयोग<br>(आ) व्याकरणात्मक कोटिका आधारमा वाक्य परिवर्तन<br>(लिङ्ग, वचन, पुरुष, आदर)<br>(इ) कथन (प्रत्यक्ष, अप्रत्यक्ष)<br>(ई) ध्रुवीयता (करण, अकरण) | ९ |
| जम्मा | | | | | | ९६ |

(ख) कक्षा : १२

| क्रम सङ्ख्या | पाठ | क्षेत्र | बोध | अभिव्यक्ति | भाषातत्त्व | पाठ्घण्टा |
|---|---|---|---|---|---|---|
| १. | कविता<br>(गद्य कविता) | सामाजिक | • कविताको संरचना (विषयको क्रम, भाषा, शैलीको बोध आदि)<br>• गद्य कविताको लयबोध | • कवितालाई अनुच्छेदमा रूपान्तर<br>• कविताको लयबद्ध वाचन<br>• कविता सिर्जनाको अभ्यास | नेपाली अक्षरको पहिचान र उच्चारण अभ्यास | ७ |
| २. | कथा | ऐतिहासिक/ पौराणिक/ सांस्कृतिक | • कथाको संरचना (विषय, अनुच्छेद योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | • कथामा प्रयुक्त घटनाहरूको सिलसिलाबद्ध टिपोट<br>• निर्देशित वा स्वतन्त्र कथा लेखन अभ्यास<br>• विद्युतीय तथा सञ्चार माध्यममा प्रकाशित कथाहरूको अध्ययन र प्रभावको प्रस्तुति | पदवर्ग<br>(नाम, सर्वनाम, विशेषण र अव्यय) को पहिचान र प्रयोग | ७ |
| ३. | निबन्ध | नियात्रा | • निबन्धको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) को बोध<br>• निबन्धमा प्रयुक्त कठिन शब्दको अर्थबोध | • आफूले गरेको कुनै यात्राको वर्णन<br>• निबन्ध लेखन<br>• विद्युतीय सञ्चार माध्यम र प्रकाशित उपयोगी लेख रचनाहरूको अध्ययन र त्यसबाट प्राप्त विषयवस्तु, सन्देश आदिको प्रस्तुति<br>• तार्किक, अन्तरक्रियात्मक एवम् समस्या समाधानमूलक लेखन | (अ) पदसङ्गति<br>(क) लिङ्ग<br>(ख) वचन<br>(ग) पुरुष<br>(घ) आदर (सामान्य, मध्यम, उच्च)<br>(आ) शब्द रूपायन | ७ |
| ४. | पत्र लेखन<br>(व्यावसयिक) | | • पत्र लेखनको संरचना (विषय, | • पत्र लेखनमा प्रस्तुत विषयवस्तुको | वाक्यको पहिचान र प्रयोग | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रस्तुतिक्रम,<br>ढाँचा, भाषाशैली आदि) को बोध<br>- | टिपोट<br>• विषयको प्रस्तुति<br>• निर्दिष्ट विषयमा पत्र लेखन<br>• भरपाई, तमसुक, करारनामा, मञ्जुरीनामा, मुचुल्का, प्रशासनिक टिप्पणी, बैठक निर्णय, विज्ञापन, सूचना, विज्ञप्ति, बोलपत्र, सम्पादकलाई चिठीको ढाँचा र शैलीको अध्ययन र लेखन अभ्यास<br>• विद्युतीय सञ्चार माध्यममा उपलब्ध प्रयोजनपरक सामग्रीको अध्ययन र लेखन अभ्यास | (क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>(ख) निर्धारित कथाबाट सरल, मिश्र र संयुक्त वाक्यको<br>पहिचान र वाक्यान्तरण | |
| ५. | उपन्याको अंश | सामाजिक | • उपन्यास अंशको संरचना<br>(विषय, परिच्छेद योजना, घटना शृङ्खला, पात्र, संवाद, भाषाशैली आदि) को बोध<br>• शब्दभण्डारको बोध<br>. | • उपन्यास अंशको विषयवस्तु वर्णन<br>• उपन्यासको अंशका प्रमुख पात्रको चरित्र वर्णन<br>• उपन्यासको अंशको घटना तथा परिवेशको वर्णन<br>• आफूले अध्ययन गरेको कुनै एक उपन्यासको विषयवस्तु, पात्र, परिवेश, सन्देश आदि बारेमा मौखिक तथा लिखित अभिव्यक्ति | क्रियाका काल (भूत, अभूत)<br>पक्ष : अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त<br>(आ) नेपाली वर्णविन्यासको प्रयोगात्मक अभ्यास | १४ |
| ६. | जीवनी | अन्तर्राष्ट्रिय | • जीवनीको संरचना (जीवन विषयक घटना शृङ्खला, अनुच्छेद योजना, भाषा आदि) को | • जीवनीमा प्रस्तुत घटनाक्रमको वर्णन<br>• आनो समाजमा प्रतिष्ठित कुनै व्यक्तिको जीवनी | क्रियाका भाव : सामान्य, आज्ञा, इच्छा, सम्भावना, सङ्केत | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बोध | लेखन<br>• खोज तथा परियोजनामा आधारित भई समालोचनात्मक चिन्तनसहितको लेखन | | |
| ७. | गीति कविता | सामाजिक /सांस्कृतिक | • कविताको संरचना (विषयको क्रम, भाषा, लय आदि) को बोध<br>• पद्य र गद्य कविताको लयबोध<br>• गजलको संरचना बोध | • कविताको लयबद्ध वाचन<br>• गीति कविता सिर्जना<br>• विद्युतीय सञ्चारमा उपलब्ध मुक्तक तथा कवितात्मक सामग्रीको अध्ययन र कक्षामा प्रस्तुति<br>• गजलको रचना | उपसर्ग र प्रत्ययद्वारा शब्द निर्माणसम्बन्धी अभ्यास | ७ |
| ८. | कथा | समाज मनोवैज्ञानिक | • कथाको संरचना (विषय, अनुच्छेद योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | • कथामा वर्णित घटनाको सिलसिलाबद्ध टिपोट<br>• कथाका पात्रहरूको चरित्र वर्णन<br>• कथा सिर्जनाको अभ्यास<br>• आफूले अध्ययन गरेको कम्तीमा कुनै एक उपन्यासको विषयवस्तु, पात्र, परिवेश, सन्देश आदि बारेमा मौखिक तथा लिखित अभिव्यक्ति | द्वित्व र समास प्रक्रियाद्वारा शब्द निर्माणसम्बन्धी अभ्यास | ७ |
| ९. | आख्यानात्मक रचना | सञ्चार, विज्ञान तथा प्रविधि | • आख्यानको संरचना (विषय, अनुच्छेद योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | • आख्यानमा वर्णित घटनाको सिलसिलाबद्ध टिपोट<br>• आख्यानका पात्रहरूको चरित्र वर्णन<br>• कथा सिर्जनाको | कारक र विभक्तिको पहिचान र प्रयोग<br>(अ) कारकका सरल र तिर्यक् रूप<br>(आ) कारकका प्रकार : कर्ता, कर्म, करण, सम्प्रदान, | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अभ्यास<br>• आफूले अध्ययन गरेको कुनै एक आख्यानको विषयवस्तु, पात्र, परिवेश, सन्देश आदि बारेमा मौखिक तथा लिखित अभिव्यक्ति | अपादान, अधिकरण<br>(इ) विभक्तिको प्रयोग | |
| १०. | संवादात्मक रचना | समाज, संस्कृति र शिक्षा | • संवादको संरचना (विषय, प्रस्तुतिक्रम, हाउभाउ, तर्क, संवाद, भाषाशैली आदि) को बोध | • संवादमा प्रस्तुत विषयवस्तुको टिपोट<br>• हाउभाउसहित विषयको प्रस्तुति<br>• निर्दिष्ट विषयमा संवाद लेखन तथा मौखिक अभिव्यक्ति र अभिनय<br>• शिक्षा र सांस्कृतिक शीर्षकमा वक्तव्य, समाचार वाचन, प्रवचन आदिको अभ्यास | (क) वाक्य संश्लेषण र विश्लेषण<br>(ख) वाच्य (कर्तृ, कर्म, भाव) को पहिचान र प्रयोग | ८ |
| ११. | प्रबन्धात्मक रचना | कानुन, प्रशासन र व्यवस्थापन | • प्रबन्धको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) को बोध<br>• प्रबन्धमा प्रयुक्त कठिन शब्दको अर्थबोध | • प्रबन्धमा वर्णित मुख्य विषयको बुँदाटिपोट, सारांश<br>• प्रकृति तथा वातावरणको वर्णन गरी प्रबन्ध लेखन<br>• प्रबन्धमा प्रयुक्त कठिन शब्दबाट वाक्य रचना<br>• बैठक (माइन्युट) को उपस्थिति तथा निर्णय एवम् भरपाई, मुचुल्का र प्रशासनिक टिप्पणीको नमुना लेखन<br>• व्यक्तिगत विवरण (बायोडाटा) लेखन | (अ) पदक्रम<br>(क) सामान्य पदक्रम<br>(ख) विशिष्ट पदक्रम<br>(आ) लेख्य चिह्न र तिनको प्रयोग | ८ |
| १२. | रिपोर्ताजमूलक | अर्थ, उद्योग | • रिपोर्ताज पाठको | • निर्दिष्ट पाठसँग | (अ) उक्ति परिवर्तन | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रचना | र वाणिज्य | बोध<br>(अनुमान, संरचना पहिचान आदि)<br>• रिपोर्ताज पाठमा प्रयुक्त प्राविधिक तथा पारिभाषिक शब्दको अर्थबोध<br>• विभिन्न पत्रिकामा प्रकाशित रिपोर्ताजको अध्ययन र प्रस्तुति | सम्बन्धित रचना<br>• बुँदाटिपोट र सारांश लेखन<br>• निर्दिष्ट अनुच्छेदको उत्तर लेखन<br>• अनुकरणात्मक लेखन<br>• विद्युतीय सञ्चार माध्यममा आधारित विविध लेखन अभ्यास | (आ) उद्देश्य र विधेय विस्तार<br>(इ) शब्दकोशीय प्रयोग | |
| जम्मा | | | | | | ९६ |

द्रष्टव्य :

(क) विधाको माध्यमबाट विद्यार्थीले बोध, अभिव्यक्ति र भाषातत्त्वअन्तर्गतका विषयवस्तुको सिकाइ गरी भाषिक सिपहरू र भाषिक कार्यहरूमा आवश्यक सक्षमताको विकास गर्नेछन् ।

(ख) रिपोर्ताजमूलक रचना भनेको कुनै पनि विषयमा गरिएको खोजमूलक र आख्यानात्मक संरचना भएको तथ्यमा आधारित समसामयिक प्रचलित लेखन हो ।

(ग) पाठ्यपुस्तक विकास गर्दा प्रयोजनपरक रचनाहरूलाई साहित्यिक विधासँग सम्बन्धित पाठहरूको बिचमा आवश्यकतानुसार क्रम मिलाएर राख्नुपर्ने छ ।

(घ) विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणमा उल्लेख भएका पाठहरूमा प्रयोग भएका आधारमा उपयुक्तताअनुसार शब्दभण्डारको अभ्यास गराउनुपर्ने हुन्छ । यसका लागि पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनुकरणात्मक शब्द, अनेकार्थी शब्द, श्रुतिसमभिन्नार्थक शब्द, सङ्क्षिप्त शब्द, उखान टुक्का, लघुतावाची शब्द, सिङ्गो शब्द, समूहवाचक शब्द, पारिभाषिक/ प्राविधिक जस्ता शब्दहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउनु अपेक्षित छ । पाठमा प्रयुक्त भएका शब्दहरूलाई केन्द्रबिन्दु मानी विभिन्न का शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । शब्दका विभिन्न अर्थ सम्बन्धहरू र गत विविधतालाई ख्याल राखी शब्दहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगमा जोड दिइने छ । यस क्रममा प्रयुक्त र तत्सम्बन्धी उखान टुक्काहरूको प्रयोगलाई पनि समावेश गरिने छ ।

(ङ) यस पाठ्यक्रम कार्यान्वयन र शिक्षण सिकाइका क्रममा सिर्जनात्मक सोचाइ/चिन्तन, समस्या समाधान, विद्युतीय सञ्चार सिप, सहकार्य र स्वव्यस्थापन, खोज, अन्वेषण, तार्किकता जस्ता भाषासम्बद्ध जीवनोपयोगी सिपहरूलाई यथासम्भव एकीकृत गरिने छ ।

## ५. सिकाइ सहजीकरण प्रक्रिया

**सिकाइ सहजीकरण पाठ्यक्रमलाई कक्षाकोठामा प्रभावकारी रूपमा हस्तान्तरण गर्ने विधि हो । भाषा शिक्षणमा भाषिक सिपको विकासका लागि सिकाइ सहजीकरण प्रक्रिया अपरिहार्य हुन्छ । भाषा शिक्षणका क्रममा विद्यार्थीलाई सक्रिय गराएर सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउनुपर्छ । यसका लागि कक्षाकोठामा बहुभाषिक, स्थिति भएमा पहिलो भाषा र दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका विधिमा ध्यान पुऱ्याउनुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, विद्यार्थीको पृष्ठभूमि, स्थानीय स्रोत साधनको उपलब्धता आदिमा निर्भर हुन्छ । यो व्यक्तिगत र सामूहिक अभ्यासमा पनि आधारित हुन्छ । यस पाठ्यक्रममा सिकाइ सहजीकरणका सिपमा आधारित विधागत शिक्षणमा जोड दिइने छ । भाषा शिक्षण भाषाका सिपहरूको शिक्षण हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको एकीकृत शिक्षण गरेर नै भाषाको शिक्षण गरिन्छ । साहित्यिक विधा तथा प्रयोजनपरक पाठका माध्यमबाट भाषिक सिपको शिक्षण गर्नु भाषा सिकाइको मूल पक्ष हो । भाषा शिक्षणमा साहित्यिक विधा र प्रयोजनपरक भेदहरूको निम्नअनुसार उपयोग गरिन्छ :**

**(क) कविता**

कविता भाषाको लययुक्त भेद हो । कविताको शिक्षण गर्दा लयबोध, शब्दार्थ र वाक्यमा प्रयोग, संरचना (आदि, मध्य र अन्त्य) बोध, भावबोध, व्याख्या जस्ता क्रियाकलाप गराउनुपर्दछ । कविता शिक्षण गर्दा पूर्व तयारी, पठन वा श्रवण र पठनपश्चात्का चरणमा बाँडी पठन पृष्ठभूमि, उद्देश्य निर्धारण, प्रश्नको सूची, प्रश्नोत्तर, भावबोध जस्ता क्रियाकलाप गराउनुपर्दछ । यसका लागि नमुना कविता दिई अनुकरणात्मक लेखन गराउने र सिर्जनात्मक अभ्यास पनि गराउनुपर्दछ ।

**(ख) कथा**

कथा आख्यानात्मक विधा हो । आख्यानात्मक स्वरूपका कारण कथा रुचिपूर्ण हुन्छ । कथा शिक्षण गर्दा उच्चारण, गति, यतिसहित हाउभाउपूर्ण पठन गराइन्छ । कथाबाट कथाकथन, घटना वर्णन, घटना टिपोट, बोध, प्रश्नोत्तर, भाव वर्णन र अनुकरणात्मक तथा स्वतन्त्र सिर्जनात्मक अभ्यास गराउनुपर्छ । पठन क्रियाकलापलाई योजनाबद्ध रूपमा प्रस्तुत गराउन कथा विधा उपयोगी हुन्छ । कथा शिक्षण गर्दा पूर्वपठन, पठन र पठनपश्चात्का चरणमा बाँडी पूर्वानुमान गर्ने, सहकार्यात्मक पठन, छलफल र प्रस्तुतीकरण गर्ने तथा प्रश्न निर्माण गराउने क्रियाकलाप पनि गराउनुपर्छ ।

**(ग) निबन्ध**

निबन्ध गद्य विधा हो । निजात्मक र वस्तुपरक अनुभूतिका लागि निबन्ध उपयुक्त विधा हो । निबन्ध शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोग, पठनबोध, विषयबोध, बुँदाटिपोट, व्याख्या, सारांश, प्रश्नोत्तर, अनुच्छेद लेखन र स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ । यो लेखाइ सिप विकासका लागि उपयुक्त विधा हो । परियोजना कार्य, घटना अध्ययन, कक्षा छलफल र प्रस्तुतीकरण जस्ता क्रियाकलाप गराएर निबन्ध लेखन क्रियाकलाप गराउनुपर्छ ।

**(घ) जीवनी**

जीवनी भाषाको गद्य भेद हो । जीवनीबाट विद्यार्थीलाई घटना वर्णन, घटना लेखन, बुँदाटिपोट, प्रश्नोत्तर, सारांश लेखन र जीवनी लेखन जस्ता अभ्यास गराउनुपर्छ । जीवनी लेखनसँगसम्बद्ध गराएर अन्तर्वार्ता, परियोजना कार्य, घटना अध्ययन जस्ता क्रियाकलाप गराउनुपर्छ । जीवनी शिक्षणबाट मूलतः भाषाका पढाइ र लेखाइ सिपको विकास हुने भए पनि लेखन अभ्याससम्बन्धी क्रियाकलाप बढी प्रभावकारी हुन्छ । यसका लागि नमुना जीवनी प्रस्तुत गर्दै अनुकरणात्मक जीवनीमा अभ्यास गराई स्वतन्त्र अभ्यास गराउनुपर्छ ।

**(ङ) रूपक**

रूपक भनेको अभिनयात्मक विधा हो । यसमा पात्रले परिस्थिति, अवस्था, विषयवस्तु र व्यक्ति विशेषको चारित्रिक भूमिकालाई ध्यानमा राखेर हाउभाउसहित भूमिका निर्वाह गर्छ । यो कथ्य भाषासँग सम्बन्धित भएकाले मौखिक अभिव्यक्तिका माध्यमले व्यक्तिका भावना, चारित्र आदिको प्रदर्शन गरिन्छ । नाटक, एकाङ्की, संवाद, वादविवाद, मनोवाद, वक्तृता आदिका माध्यमबाट रूपकीय प्रस्तुति गरिन्छ । तसर्थ रूपकको प्रकारअनुसार हाउभाउ प्रदर्शन गरी विचारको प्रस्तुतीकरण र व्यवहार गर्ने, अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्ने, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्ने, तार्किक क्षमताको विकास गर्ने जस्ता क्रियाकलापबाट रूपक शिक्षण गर्नुपर्छ । साथै अभिनयात्मक कलाका अतिरिक्त रूपक विधाबाट अन्य भाषिक सिपको पनि अभ्यास गराउन सकिन्छ ।

**(च) प्रयोजनपरक पाठहरू**

दैनिक जीवनमा प्रयोगमा आउने विभिन्न समसामयिक का ज्ञान, सिप एवम् विविध प्राविधिक र पारिभाषिक शब्दका माध्यमबाट भाषा सिकाइमा सहजता प्रदान गर्नका लागि यस तहमा प्रयोजनपरक रचनाहरू समावेश गरिएको छ । यसमा सिकारुका दैनिक जीवनयापन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, अभिवृद्धि, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न सक्ने गरी स्वास्थ्य, योग तथा चिकित्सा, कृषि, वन तथा वातावरण, पर्यटन, जलस्रोत र ऊर्जा, सञ्चार, विज्ञान तथा प्रविधि, समाज, संस्कृति र शिक्षा, कानुन, प्रशासन र व्यवस्थापन, अर्थ, उद्योग र वाणिज्य जस्ता विषयमा आधारित रचनालाई समावेश गरिएको छ । यस्ता रचनाका माध्यमबाट विद्यार्थीले वाणिज्य, अर्थ, विज्ञान, स्वास्थ्य, कानुन, शिक्षा, योग जस्ता विषयको रचनात्मक, प्रयोजनपरक भाषिक प्रयोग र संरचनाको अभ्यास गराइने छ । प्रयोजनपरक पाठहरूलाई रोचक बनाउनका लागि साहित्यिक विधाका रूपमा प्रस्तुत गरिने छ । सिकाइ सहजीकरणका क्रममा विभिन्न प्रयोजनपरक शीर्षक दिई तिनमा अनुकरणात्मक, निर्देशनात्मक र स्वतन्त्र लेखनको

अभ्यास गराइन्छ । उदाहरणमा आधारित पाठ वा रचनाको अभ्यास, पाठको मौखिक र लिखित अभिव्यक्ति, समूह छलफल र प्रस्तुतीकरण, परियोजना र खोजमूलक कार्य गराउने अभ्यास गराउनुपर्दछ । त्यस्तै आवश्यकतानुसार प्रचलित र सान्दर्भिक विद्युतीय सञ्चार माध्यममा उपलब्ध उपयोगी सामग्रीको अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुपर्छ ।

**७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

मूल्याङ्कन गर्दा निर्माणात्मक र निर्णयात्मक दुई किसिमका प्रक्रिया अपनाइने छ । निर्णयात्मक मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य गरी दुई तरिका अवलम्बन गरिने छ । निर्णयात्मक मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कनमा उपयोग गरिएका विभिन्न प्रक्रिया, साधनहरू तथा तिनको अभिलेखीकरणलाई समेत आधार बनाउन सकिने छ । निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ सहजीकरण प्रक्रियाकै निरन्तरता मानिने भएकाले यसलाई निरन्तर मूल्याङ्कनका रूपमा प्रयोग गर्न सकिन्छ । स्तरोन्नति तथा कक्षोन्नतिका लागि शैक्षिक सत्रको अन्तमा निर्णयात्मक मूल्याङ्कन अन्तिम परीक्षाका माध्यमबाट गरिने छ । निर्माणात्मक वा निरन्तर मूल्याङ्कनमा क्षेत्रीय अध्ययन, परियोजना कार्य, अध्ययन भ्रमण, घटना अवलोकन तथा अध्ययन, सिर्जनात्मक तथा रचनात्मक कार्य, विद्युतीय सञ्चार माध्यममा प्राप्त सान्दर्भिक सामग्रीको अध्ययन र प्रस्तुति, सिकारुका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखीकरण जस्ता साधनहरूको उपयोग गरिने छ ।

नेपाली भाषाको मूल्याङ्कनमा सक्षमता र सिकाइ उपलब्धिमा लेखिएका भाषिक सिपको मापन गरिने छ । विद्यार्थीको भाषिक सिपगत सक्षमताको मापनगर्ने प्रश्नहरूको निर्माण गर्दा व्याकरण र शब्दभण्डारसम्बन्धी प्रश्नहरूसमेत भाषिक एकाइ र रचनामा केन्द्रित गरिने छ । व्याकरणको मूल्याङ्कन कार्यमूलक प्रकृतिको हुने छ । प्रश्नहरू विद्यार्थीको भाषिक दक्षताका अतिरिक्त रचनात्मक र समालोचनात्मक क्षमतालाई पनि सम्बोधन गर्ने खालका हुने छन् ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयिका फाइल बनाई सोको आधारमा उनीहरूको कार्य र उनीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनका अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कन साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनका लागि विद्यार्थीको अभिलेख राखी त्यही अभिलेखका आधारमा सिकाइस्तर निर्धारण गर्न सकिन्छ । आवश्यकतानुसार सुधारात्मक तथा उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । यस विषयमा निर्माणात्मक मूल्याङ्कन प्रक्रियाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीहरूले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुन: सिकाइनुपर्छ । आन्तरिक मूल्याङ्कनको भार २५% छुट्याइएको छ । यस विषयको आन्तरिक मूल्याङ्कनमा कक्षा सहभागिता, कक्षा कार्य/परियोजना कार्य, विषयवस्तुको मूल्याङ्कन तथाा आन्तरिक परीक्षाबाट प्राप्त विद्यार्थीको सिकाइ उपलब्धिलाई समेटिनु पर्दछ ।

यस खण्डको मूल्याङ्कन विद्यार्थीले व्यक्तिगत तथा समूह कार्य तथा परियोजनाको गुणस्तरको आधारमा विद्यालय तहमा गठन गरिने मूल्याङ्कन समितिले गर्ने छ भने तोकिएको निकायबाट यसको प्राविधिक परीक्षण हुने छ । आन्तरिक मूल्याङ्कनका आधारहरू र अङ्क विभाजन निम्नानुसार हुने छ :

**आन्तरिक मूल्याङ्कनको विस्तृतीकरण**

| क्र.सं | क्षेत्र | परीक्षण गर्ने पक्ष | अङ्कभार | मूल्याङ्कनका आधार |
|---|---|---|---|---|
| १. | सहभागिता | कक्षा सहभागिता | ३ | विद्यार्थीको दैनिक हाजिरीको अभिलेखलाई आधार लिने<br>भाषिक सिप विकासका लागि व्यक्तिगत, युगल र समूहगत आदि कक्षागत सिकाइ सहभागितालाई आधार मान्ने |

| | | | | |
|---|---|---|---|---|
| २. | कक्षा कार्य/परियोजना कार्य | कक्षा कार्य/परियोजना कार्य | ६ | सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिप विकाससम्बद्ध लिखित तथा मौखिक प्रस्तुति, गृहकार्य, कक्षा कार्य वा भाषिक सिप विकाससम्बन्धी परियोजना कार्यको प्रतिवेदन र अन्तर्वार्ता (भाइबा) लाई आधार लिने |
| ३. | विषयवस्तुगत मूल्याङ्कन | (क) सुनाइ | ३ | रेडियो, क्यासेट, मोबाइल वा अन्य विद्युतीय सामग्रीबाट समाचार, संवाद, साहित्यिक अभिव्यक्ति, वा अन्य सन्देशमूलक गद्यांश सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट आदिसँग सम्बन्धित प्रश्नहरू सोधी भन्न वा लेख्न लगाउने ।<br>वा १५० देखि २०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( अदृष्टांश) सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट आदिसँग सम्बन्धित प्रश्नहरू सोध्ने । |
| | | (ख) बोलाइ | | |
| | | (अ) मौखिक वर्णन/<br>कथा कथन | ४ | कुनै विषयवस्तु, चित्र, परिवेश आदि दिएर मौखिक वर्णन गर्न लगाउने<br>(यसरी वर्णन गर्दा वक्ताले बोलेको कुरामा स्पष्टता, शैली, भाषिक स्तर, शुद्धोच्चारण, गति, यति, लय र हाउभाउ जस्ता पक्षमा ध्यान दिने)<br>वा<br>कुनै कथा सुनी कथाकथन गर्न लगाउने, घटना, पात्र र परिवेशको वर्णन गर्न लगाउने |
| | | (आ) सस्वरवाचन | ३ | कुनै पत्रपत्रिका वा कुनै लिखित सामग्रीबाट १५० शब्दसम्मको गद्यांश वा पद्यांश दिएर  गति, यति, लय मिलाएर भावानुकूल सस्वरवाचन गर्न लगाउने ।<br>(यसरी वाचन गर्दा स्पष्टता, भाषिक शुद्धता, गति, यति, लय र हाउभाउ जस्ता पक्षमा विशेष ख्याल गर्ने) |
| ४ | त्रैमासिक परीक्षा | त्रैमासिक परीक्षाको अङ्कबाट | ६ | पहिलो त्रैमासिक परीक्षाबाट ३ अङ्क र दोस्रो त्रैमासिक परीक्षाबाट ३ अङ्क |
| | जम्मा | | २५ | |

द्रष्टव्य : आन्तरिक मूल्याङ्कनका आधारको विस्तृत विवरण आन्तरिक मूल्याङ्कन कार्यविधिका आधारमा हुने छ ।

**(ख) बाह्य मूल्याङ्कन**

**(आ) भाषिक सिप (पढाइ र लेखाइ) कक्षा ११**

| **क्र.सं** | **भाषिक सिप (पढाइ र लेखाइ)** | **विषयक्षेत्र** | **अङ्कभार** |
|---|---|---|---|
| १. | वर्ण पहिचान | व्याकरण | ३ |
| २. | वर्णविन्यास | व्याकरण | ३ |
| ३. | पदवर्ग पहिचान | व्याकरण | २ |
| ४. | शब्दनिर्माण | व्याकरण | ४ |
| ५. | रूपायन र पदसङ्गति | व्याकरण | ३ |
| ६. | काल, पक्ष, भाव र वाच्य | व्याकरण | ५ |
| ७. | शब्दस्रोत र शब्दकोशीय प्रयोग | व्याकरण | २ |
| ८. | वाक्यान्तरण | व्याकरण | ३ |
| ९. | पठनबोध | प्रयोजनपरक रचना | ८ |
| १०. | बुँदाटिपोट र सारांश | गद्य रचना | २ + ३ = ५ |
| ११. | पाठगत बोध (सन्दर्भमा आधारित छोटो उत्तरात्मक) | कथा, कविता, निबन्ध, जीवनी, रूपक, प्रयोजनपरक रचना | ८ |
| १२. | पाठगत बोध (समीक्षात्मक) | कथा, कविता, निबन्ध, जीवनी, प्रयोजनपरक रचना | ४+४=८ |
| १३. | स्वतन्त्र रचना | निबन्ध | ८ |
| १४. | प्रतिक्रिया लेखन | सामयिक विषय | ४ |
| १५. | व्यावहारिक लेखन | व्यावहारिक लेखन, पत्ररचना | ४ |
| १६. | प्रतिवेदन तथा टिप्पणी लेखन | प्रतिवेदन र टिप्पणी | ५ |
| जम्मा | | | ७५ |

कक्षा १२

| क्र.सं | भाषिक सिप (पढाइ र लेखाइ) | विषयक्षेत्र | अङ्कभार |
|---|---|---|---|
| १. | अक्षर संरचना | व्याकरण | ३ |
| २. | वर्णविन्यास | व्याकरण | ३ |
| ३. | पदवर्ग पहिचान | व्याकरण | ३ |
| ४. | शब्दनिर्माण | व्याकरण | ३ |
| ५. | कारक र विभक्ति तथा पदसङ्गति | व्याकरण | ४ |
| ६. | काल, पक्ष, भाव र वाच्य | व्याकरण | ५ |
| ७. | वाक्यान्तरण | व्याकरण | ४ |
| ८. | पठनबोध | प्रयोजनपरक रचना | ८ |
| ९. | बुँदाटिपोट र सारांश | गद्य विधा | २+३=५ |
| १०. | पाठगत बोध (सन्दर्भमा आधारित उत्तरात्मक) | उपन्यास, कथा, कविता, निबन्ध, जीवनी र प्रयोजनपरक रचना | ८ |
| ११. | पाठगत बोध (समीक्षात्मक) | उपन्यास, कथा, कविता, निबन्ध, जीवनी, प्रयोजनपरक रचना | ४+४=८ |
| १२. | स्वतन्त्र रचना | निबन्ध | ८ |
| १३. | प्रतिक्रिया लेखन | प्रतिक्रिया | ४ |
| १४. | व्यावहारिक लेखन | व्यावहारिक लेखन, पत्ररचना | ४ |
| १५. | प्रतिवेदन तथा टिप्पणी लेखन | प्रतिवेदन | ५ |
| | जम्मा | | ७५ |

# English

**Grade: 11 and 12** **Subject code: Eng. 003 (Grade 11), Eng. 004 (Grade 12)**

**Credit hour: 4** **Annual working hour: 128**

## 1. Introduction

English is a lingua franca and is an appropriate international language for Nepal to be connected with global community. It is not only the language of international communication but also a language of higher education, mass media, information and communication technology (ICT), business, tourism, science and medicine. In the context of Nepal, English is necessary for various purposes. To be specific, our learners need English to participate in classroom interactions; to study course materials; to read things for pleasure and general information; to gain access to the world body of knowledge; to read and enjoy a wide range of literary texts, to participate in international meetings, seminars and conferences; to communicate with foreigners in general; to enhance their career development, and many more. English is taught as a compulsory subject from grade one to the bachelors level.

Ministry of Education, Science and Technology (MoEST) has approved the National Curriculum Framework (NCF), 2076 addressing the changed socio-political condition of the country and the current needs of the learners. This grade 11and 12 E nglish curriculum has been developed in line with the spirit of the new NCF. The present curriculum addresses all four language skills with prime focus on reading and writing skills. It focuses on the types of reading and writing skills that are necessary for the students in their real life. It also includes the language functions which the students need for their further studies and the world of work. A strong grammatical foundation is also given due consideration in this curriculum. This curriculum is based on the principle that learners learn language when they get sufficient opportunity to use it in appropriate contexts. Content should not be detached from the use of language. Content and language should be integrated while teaching. Therefore, the curriculum has focused not only on language and language functions, but also on a variety of fiction and non-fiction texts which provide a meaningful context for language learning. For some students, secondary education serves as a basis for preparation for the university education, whereas for some other students, it may be a preparation for entry into the world of work. This curriculum tries to address the linguistic requirements of both types of students.

This curriculum focuses on both the intensive reading of texts which is intended for language development in the learners and the extensive reading of texts which is intended for processing content and developing higher order reading and writing skills. Soft skills including critical thinking and creativity of the students have also been given due importance. For this purpose, a wide variety of texts have been included under various themes and topics. This curriculum includes level-wise competencies of students, grade-wise learning outcomes, scope and sequence of contents, learning facilitation process and evaluation process.

## 2. Competencies

This curriculum of Grade 11 and 12 in English language aims at developing the following competencies in the learners:

1. Use both spoken and written English for general and academic purposes in a variety of personal, social and academic contexts.

2. Read a wide variety of texts for information and understanding.
3. Read a variety of literary texts for pleasure and appreciation.
4. Read, reflect and interpret a wide range of texts.
5. Critically analyze and evaluate ideas in a wide range of level apprapriate taxts.
6. Search, select and manage information from various textual and online sources.
7. Create a variety of writing for different purposes and audiences with appropriate content, style and accuracy.
8. Produce a variety of creative and critical writings.
9. Appreciate diverse cultures.
10. Listen and respond in English with accuracy and fluency
11. Communicate clearly and effectively in a range of situations using verbal and non-verbal communication strategies.

### 3. Grade-wise Learning Outcomes

The learning outcomes in this curriculum are distributed between grade eleven and twelve based on their levels of difficulty. However, the same learning outcomes may be introduced in grade eleven and consolidated in grade twelve. Therefore, these may go in a sequence and will be addressed in the resource materials and pedagogy.

#### 3.1 Listening

| | **Learning outcomes** | |
|---|---|---|
| **Listening constructs** | **Grade 11** | **Grade 12** |
| 1. Identify and discriminate stress and intonation patterns. | ▪ Identify the speaker's attitudes and feelings through their use of stress and intonation.<br>▪ Show an understanding of differentiating tones (warnings, advice, suggestion, etc. ).<br>▪ Identify the effects of supra-segmental features in a connected speech. | ▪ Identify the speaker's attitudes and feelings through their use of stress and intonation.<br>▪ Identify the speaker's purpose by distinguishing tone and intonation patterns.<br>▪ Identify the effects of supra-segmental features and phonological processes in a connected speech.<br>▪ Identify the key words and phrases in the given text.<br>▪ 1.5 Identify the differences between formal and informal English. |
| 2. Listen to the spoken text and understand its gist and retrieve specific information from it. | ▪ Identify the gist of a listening text.<br>▪ Retrieve specific information from spoken English.<br>▪ Compare and contrast information.<br>▪ Show an understanding of the functions of common discourse markers. | ▪ Identify the gist, main idea and supporting details of a listening text.<br>▪ Retrieve specific information from spoken English, and take notes.<br>▪ Compare and contrast information.<br>▪ Distinguish between cause and |

| | | |
|---|---|---|
| | | effect.<br>▪ Interpret information and auditory cues.<br>▪ Show an understanding of the functions of a wide range of discourse markers. |
| 3. Make inference while listening | ▪ Make predictions about the subsequent content using prior knowledge, phonological clues and contextual clues.<br>▪ Make inference about themes and message of the spoken text from prior knowledge and contextual clues. | ▪ Make predictions about the subsequent content, actions and events using prior knowledge, phonological clues and contextual clues.<br>▪ Make inference about purpose, intentions, themes and message of the spoken text from prior knowledge and contextual clues. |
| 4. Listen to the spoken text and critically analyse and evaluate the information in it. | ▪ Distinguish between facts and opinions in a spoken text.<br>▪ Draw conclusions from main ideas, specific details, prior knowledge and contextual clues.<br>▪ Identify the content and organisation of presentations.<br>▪ Form opinions about ideas presented in listening texts.<br>▪ Understand the meaning of common idiomatic expressions. | ▪ Separate facts from opinions in a spoken text.<br>▪ Draw conclusions from main ideas, specific details, prior knowledge and contextual clues.<br>▪ Identify different points of view and make judgment.<br>▪ Make judgment on the relevance of spoken message.<br>▪ Evaluate the content and organisation of presentations.<br>▪ Form and interpret opinions about ideas presented in texts.<br>▪ Understand and interpret the meaning of common and grade appropriate idiomatic expressions. |
| 5. Listen to the spoken text and take note of important information. | ▪ Listen to a variety of audio materials (e.g. lectures, conversations, personal accounts, narratives and explanations) and take notes of them.<br>▪ Restate what has been heard. | ▪ Listen to a variety of audio materials (e.g. lectures, conversations, personal accounts, narratives and explanations) and take notes of them.<br>▪ Restate what has been heard. |

| | | |
|---|---|---|
| 6. Participate actively and effectively in an interaction. | ▪ Participate as an active listener in an interaction and discussion.<br>▪ Ask for clarification and elaboration.<br>▪ Respond to the speaker with appropriate facial expressions and gestures.<br>▪ Respect the age, gender, social position and cultural traditions of the speaker. | ▪ Participate as an active listener in an interaction and discussion.<br>▪ Ask for clarification and elaboration.<br>▪ Respond to the speaker with appropriate facial expressions and gestures.<br>▪ Respect the age, gender, social position and cultural traditions of the speaker.<br>▪ Collaborate with others in order to explore and discuss understanding of spoken texts. |
| 7. Listen to instructions, directions and announcements and follow them. | ▪ Show an understanding of complex directions and instructions.<br>▪ Show an understanding of common public announcements e.g. at an airport, at a stadium, etc. | ▪ Show an understanding of complex directions and instructions.<br>▪ Show an understanding of common public announcements e.g. at an airport, at a stadium, etc.. |
| 8. Gain knowledge and understanding of target culture (s) through listening. | ▪ Identify nationality/ background of speaker (s) of listening texts<br>▪ Demonstrate an understanding of the patterns of interactions from various English speaking cultures.<br>▪ Show an understanding of verbal and non- verbal social conventions that characterize the English speaking culture.<br>▪ Compare and contrast the practices of both national and international cultures. | ▪ Demonstrate an understanding of the patterns of interactions from various English speaking cultures.<br>▪ Analyse the verbal and non- verbal social conventions that characterize the English speaking cultures.<br>▪ Show an understanding of verbal and non- verbal social conventions that characterize the English speaking culture.<br>▪ Evaluate the practices and values of both national and international cultures. |

### 3.2 Speaking

| S.N. | Speaking constructs | Learning outcomes | |
|---|---|---|---|
| | | **Grade 11** | **Grade 12** |
| 1. | 1. Participate effectively in interactions and conversations. | ▪ Initiate, maintain and conclude an interaction using appropriate expressions.<br>▪ Take part in conversations on subjects of common interest.<br>▪ Speak fluently, accurately and effectively in different situations on a wide range of general or leisure topics.<br>▪ Understand and respond to what has been said by the other interlocutors in conversation.<br>▪ Ask questions for clarification and understanding.<br>▪ Respond to questions.<br>▪ Present ideas, opinions, experiences and arguments with confidence.<br>▪ Respect age, gender, social position of the listener.<br>▪ Indicate understanding and express certainty or uncertainty.<br>▪ Make proper use of extra linguistic features such as facial expressions and gestures.<br>▪ Use common discourse markers. | ▪ Initiate, maintain and conclude an interaction using both verbal and non-verbal expressions and with confidence.<br>▪ Take part in relatively long conversation with multiple speakers on subjects of common interest.<br>▪ Speak fluently, accurately and effectively according to social norms and cultural values in different situations on a wide range of general, academic, vocational or leisure topics.<br>▪ Understand and respond to what has been said by the other interlocutors in conversation.<br>▪ Ask questions for clarification and understanding.<br>▪ Respond to questions in a convincing way.<br>▪ Respect age, gender, social position and cultural traditions of the listener.<br>▪ Present ideas, opinions, experiences and arguments with confidence.<br>▪ Use discourse markers to enable others to follow what is being said.<br>▪ Respond with suggestions, feedback and different viewpoints.<br>▪ Change the topic of an interaction as required.<br>▪ Indicate understanding and express certainty or uncertainty.<br>▪ Negotiate meaning in communication.<br>▪ Make proper use of extra linguistic features such as facial expressions and |

| | | | |
|---|---|---|---|
| | | | gestures.<br>▪ Use a wide range of discourse markers. |
| 2. | Participate effectively in an informal discussion. | ▪ Convey message effectively using appropriate language functions.<br>▪ Comment and put forward point of a view clearly.<br>▪ Give opinions on the topic of discussion.<br>▪ Comment on another person's opinions or viewpoints.<br>▪ Express thoughts and ideas using verbal and non-verbal communication strategies.<br>▪ Respect others' views and ideas. | ▪ Convey message effectively using appropriate language functions and idiomatic expressions.<br>▪ Comment and put forward a point of view clearly and evaluate alternative proposals.<br>▪ Give opinions by providing relevant explanations, arguments and comments.<br>▪ Comment on and judge another person's views and opinions with argument.<br>▪ Be aware of social etiquette and apply in conversation.<br>▪ Respect others' views and ideas. |
| 3. | Participate effectively in a formal discussion. | ▪ Have a discussion on matters related to his/her field.<br>▪ Ask and reformulate questions as required.<br>▪ Present a point of view clearly.<br>▪ Present and respond to arguments.<br>▪ Take part in informal debates on the issues of current topics and concerns. | ▪ Have a discussion on matters related to his/her field.<br>▪ Ask, reformulate and paraphrase questions as required.<br>▪ Present a point of view clearly and in a convincing way.<br>▪ Present and respond to arguments convincingly.<br>▪ Take part in both formal and informal debates on the issues of current topics and concerns.<br>▪ Make critical remarks or express disagreement. |
| 4. | Give and take an interview. | ▪ Actively participate in an interview both as a interviewer and as an interviewee.<br>▪ Expand the points being discussed.<br>▪ Check and confirm information.<br>▪ Ask questions and respond to them properly. | ▪ Actively participate in an interview, including group interview both as a interviewer and as an interviewee.<br>▪ Expand the points being discussed in a persuasive way.<br>▪ Check and confirm information.<br>▪ Ask questions and respond to them properly. |
| 5. | Use telecommunicati ons effectively. | ▪ Use telecommunications such as telephone, Skype and Viber effectively for | ▪ Use telecommunications such as telephone, Skype and Viber effectively for personal and |

| | | | |
|---|---|---|---|
| | | personal purposes. | professional purposes.<br>▪ Maintain appropriate etiquette and ethics of telecommunications. |
| 6. | Narrate a sequence of events or process | ▪ Narrate a sequence of events or processes using appropriate structures and vocabulary. | ▪ Narrate a sequence of events or processes using appropriate structures and vocabulary. |
| 7. | Use supra-segmental features like stress, tone and intonation for expressing a range of meanings and emotions. | ▪ Speak fluently and accurately with acceptable pronunciation, stress and intonation patterns.<br>▪ Produce utterances with appropriate features of connected speech such as assimilation and elision. | ▪ Speak fluently and accurately with acceptable pronunciation, stress and intonation patterns.<br>▪ Produce utterances with appropriate features of connected speech such as assimilation and elision. |
| 8. | Make effective presentations. | ▪ Generate ideas and make presentations appropriate to the purpose and audience.<br>▪ Choose appropriate expressions and registers according to the context/field.<br>▪ Maintain appropriate posture and eye contact. | ▪ Generate ideas and make presentations appropriate to the purpose, audience, time and style.<br>▪ Choose appropriate expressions and registers according to the context/field.<br>▪ Use appropriate discourse markers.<br>▪ Maintain appropriate posture and eye contact.<br>▪ Use effective presentation skills. |
| 9. | Describe, people, objects, events, etc. | ▪ Describe people, objects, events, etc. using appropriate structures and vocabulary. | ▪ Describe people, objects, events, etc. using appropriate structures and vocabulary. |
| 10. | Seek and provide a wide variety of information. | ▪ Use a range of question forms for seeking and confirming required information.<br>▪ Give detailed information on different topics. | ▪ Use a range of expressions for seeking, confirming, checking and elaborating required information.<br>▪ Give detailed information on different topics. |
| 11. | Speak with critical analysis and evaluation. | ▪ Express personal opinions to clarify the points expressed.<br>▪ Present reasons and examples from different sources such as reviews of books, plays and interviews to defend opinions and judgments. | ▪ Express personal opinions to clarify the points expressed and persuade the interlocutors.<br>▪ Present reasons, examples and the details from different sources such as reviews of books, plays and interviews to defend opinions and |

| | | | |
|---|---|---|---|
| | | | judgments. |
| 12. | Understand and demonstrate inter-cultural understanding. | ▪ Express one's own cultural values and practices effectively and clearly.<br>▪ Express tolerance and respect for the cultural practices of other people. | ▪ Express one's own cultural values and practices and compare it with that of others.<br>▪ Express tolerance and respect for the cultural practices of other people. |

*Note: The prescribed language functions should be included while selecting topics and tasks for speaking.*

**3.3 Reading**

| S. N. | Reading constructs | Learning outcomes | |
|---|---|---|---|
| | | **Grade 11** | **Grade 12** |
| 1. | Read the texts intensively for information and understanding. | ▪ Scan the text and retrieve specific information from it.<br>▪ Skim the text and get its main idea/theme.<br>▪ Identify the topic sentence of a paragraph.<br>▪ Distinguish between cause and effect.<br>▪ Separate facts from opinions.<br>▪ Compare and contrast ideas.<br>▪ Find out main ideas and supporting details.<br>▪ Deduce the meanings of unfamiliar words and phrases in a given context.<br>▪ Read the texts and identify the order of events.<br>▪ Identify explicit as well as implicit information.<br>▪ Read and interpret the graphic organizers (e.g. Venn diagram, time line, semantic webs, etc.) given in the text to facilitate understanding of grade appropriate reading texts. | ▪ Scan the text and retrieve specific information from it.<br>▪ Skim the text and get its main idea/theme.<br>▪ Distinguish between cause and effect and fact and opinions.<br>▪ Compare and contrast ideas.<br>▪ Identify different points of view.<br>▪ Find out main ideas and supporting details.<br>▪ Deduce the meanings of unfamiliar words and phrases in a given context.<br>▪ Read the text and identify the order of events.<br>▪ Identify explicit as well as implicit information.<br>▪ Read and interpret the graphic organizers (e.g. Venn diagram, time line, semantic webs, etc.) given in the text to facilitate understanding of grade appropriate reading texts.<br>▪ Follow the pattern of arguments with the help of the clues available in the text. |
| 2. | Read a variety of literary texts for pleasure, | ▪ Read and interpret literary texts (e.g. short stories, essays, poems and dramas) | ▪ Read and interpret literary texts (e.g. short stories, essays, poems and dramas) from a wide variety of authors, |

| | | | |
|---|---|---|---|
